# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ३ अङ्क १० पूर्णाङ्क १०८ | २०७५ भदौ ४ गते सोमबार | Monday, Aug. 20, 2018 | पृष्ठ ८ | मूल्य रु. १०।-


## ‘क.रामवृक्षको सम्मानमा भावपूर्ण श्रद्धाञ्जली’



काठमाडौं । महान सहिद रामवृक्ष यादवको २४ औं स्मृति दिवसको अवसरमा नेकपा (क्रान्तिकारी माओवादी)ले वक्तव्य जारी गरी उहाँको संस्मरण र सम्मानमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको छ । पार्टी महासचिव मोहन वैद्य‘किरण’ले भाद्र २ मा जारी गरेको वक्तव्यमा क्रान्तिका निम्ति उहाँले देखाएको त्याग तथा बलिदानको बाटोमा निरन्तर लागिरहने प्रतिबद्धता समेत व्यक्त गरिएको छ ।

वक्तव्यमा भनिएको छ, “आज भाद्र २ गते तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का केन्द्रीय सदस्य क.रामवृक्ष यादवले सहादत प्राप्त गरेको दिन हो । मधेशमा सामन्तवादका ...बाँकी ४ पेजमा

# जनतामा कर र ऐनको आतंक

● वर्गदृष्टि संवाददाता

काठमाडौं । आफूलाई वाम बताउने केपी शर्मा ओली नेतृत्वको सरकारले अस्वभााविक रूपमा बढाएको कर र जनअधिकार अपहरण गर्ने गरी ल्याएको ऐनले अहिले जनजीवनलाई आतंकित तुल्याएको छ । अहिले जताततै कर र ऐनको विरोध भइरहेको छ ।

सरकारले ल्याएको नयाँ मुलुकी ऐन (संहिता)ले सरकारको तथा सार्वजनिक पदधारण गरेका व्यक्तिहरूका विरुद्धमा बोल्न र लेख्न प्रतिबन्ध लगाएको छ । पत्रकारहरूलाई फोटो खिच्न, रेकर्ड गर्न प्रतिबन्ध लगाइएको छ । अनुमतिविना फोटो खिचे र रेकर्ड गरे तीन वर्षसम्म जेल सजाय हुने ऐन ल्याइएको छ । वन्द हड्ताल गर्न नपाउने गरे तीन वर्ष जेल सजाय हुने लगायतका थुप्रै जनविरोधी ऐन कानुन ल्याएर सरकारले स्वेच्छाचारी तथा फासिवादी शासनको अभ्यास गर्न खोजिरहेको छ । यो ऐनको अहिले चौतर्फी रूपमा विरोध भइरहेको छ र राणा शासन तथा पञ्चायती कालरात्रीको आभास गराउन पुगेको सार्वजनिक टिप्पणीहरू भइरहेका छन् । यी जनविरोधी काला कानुनको विरोधमा नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य ‘किरण’ले वक्तव्य जारी गरी जनविरोधी ऐन कानुनहरू खारेज गर्न सरकारसित जोडदार माग गरिसकेका छन् भने क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले पनि एक वक्तव्य जारी गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्राताविरोधी ऐनलाई



कालो कानुनको संज्ञा दिंदै खारेजीको माग गरेका छन् ।

यसैगरी संघ, प्रदेश र स्थानीय सरकारले जथाभावी देशव्यापी रूपमा अत्यधिक रूपमा बढाएको करभार हटाउन जोडदार माग गर्दै क्रान्तिकारी माओवादीले वक्तव्य नै जारी गरेको छ । पार्टी महासचिव मोहन वैद्य‘किरण’ले जारी गरेको वक्तव्यमा उत्पीडित वर्ग र जनतामाथि अहृय तथा धान्नै नसकिने गरी लगाइएको राजस्व तथा करभार हटाउन सरकारसित जोडदार माग गरेको छ ।

वक्तव्यमा भनिएको छ, “अहिले देशव्यापी रूपमा विपन्न, गरिब र कम आय भएका जनतामाथि राजस्व तथा करको भार अत्यन्तै तीव्र र गुणात्मक रूपमा थोपरिएको छ । स्थानीय तहद्वारा जन्म, विवाह, मृत्यु, नागरिकता, घरजग्गा, कृषि पुशुपालन लगायतका विषयमा धान्नै नसकिने गरी कर लगाउने र बढाउने काम भएको छ । सरकारद्वारा एकातिर सिंहदरबारको अधिकार स्थानीय तहमा पुऱ्याउने, अनि समृद्ध तथा सुखी नेपाली बनाउने नारा लगाइएको छ भने अर्कोतिर जनतालाई दिइनु पर्ने आवश्यक सेवा सुविधाबाट पनि बञ्चित गरिएको छ । राजस्व तथा कर उठाउनेबारे संघ, प्रदेश र स्थानीय तहको क्षेत्राधिकारलाई प्रष्ट पार्ने र त्यस सम्बन्धी आवश्यक ऐन, कानुन तथा नियमावली निर्माण गर्ने काममा खासै ध्यान दिइएको छैन ।”

महासचिव किरणले जारी गरेको वक्तव्यमा अगाडि भनिएको छ, “त्यतिमात्र होइन देशमा महंगी दिनप्रतिदिन बढ्दै गएको छ, बरोजगारीको समस्या अत्यन्तै विकराल र भयावह बन्दै गएका छन्, महिलाहरूको हत्या हिंसा र बलात्कारका घटना अत्यन्तै तीव्र रूपमा बढिरहेका छन् । मजदुरहरूको बेतन मागलाई अत्यन्तै न्यून बनाइएको छ र उनीहरूलाई आवश्यक सुविधाबाट पनि बञ्चित गरिएको छ । आफूलाई वाम बताउने सरकार यस प्रकारका समस्याहरूलाई गम्भीरतापूर्वक लिई समाधानतर्फ होइन बल्झाउने तर्फ उद्दत भइरहेको छ । हाम्रो पार्टी सरकारका यसप्रकारका जनविरोधी क्रियाकलापको दृढ विरोध गर्दछ ।”

करवृद्धिका विरुद्ध आन्दोलनको आव्हान गर्दै भनिएको छ, “हाम्रो पार्टी उत्पीडित वर्ग र जनतामाथि अहृय तथा धान्नै नसकिने गरी लगाइएको राजस्व तथा करभार हटाउन र संघ, प्रदेश र स्थानीय तहबीच ...बाँकी ४ पेजमा

## क्रान्तिकारी माओवादीले जिल्ला जिल्लामा मनायो रामवृक्ष स्मृति दिवस

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले जिल्ला जिल्लामा विभिन्न कार्यक्रम गरी २४ औं रामवृक्ष स्मृति दिवस मनाएको छ । प्राप्त समाचार अनुसार कास्की जिल्लाले पार्टी कार्यालयमा एक कार्यक्रमको आयोजना गरी रामवृक्ष स्मृति दिवस कार्यक्रम मनाएको छ । पार्टी विविएम तथा ४ नं. प्रदेश सचिव श्यामको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा पार्टी केन्द्रीय सदस्यहरू निश्चल, रामजीलगायत जिल्ला पार्टीका नेता कार्यकर्ताहरूको उपस्थिति रहेको थियो ।

त्यसैगरी सिरहाको लहानबाट प्राप्त समाचार अनुसार क्रान्तिकारी माओवादी सिरहाको आयोजनामा रामवृक्ष स्मृति दिवस कार्यक्रम मनाइएको छ । प्राप्त समाचार अनुसार पार्टी केन्द्रीय ...बाँकी ७ पेजमा

## ‘दोरम्बाका सहिदहरूको नाम लिने अधिकार छैन प्रचण्डलाई’

रामेछाप । नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटव्यूरो सदस्य पवनमान श्रेष्ठले दोरम्बा हत्याकाण्डका सहिदहरूको स्मृतिमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रचण्डहरूलाई दोरम्बा हत्याकाण्डका सहिदहरूको नाम लिने अधिकार नभएको विचार व्यक्त गरेका छन् । क्रान्तिकारी माओवादी रापेछापले

दोरम्बा हत्याकाण्डको १५ औं स्मृति दिवसको अवसर पारेर घटनास्थल रामेछाप दोरम्बाको डाँडाकटेरीमा आयोजना गरेको ‘१५ औं दोरम्बा स्मृति दिवस’ कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा नेता ...बाँकी ४ पेजमा

## ‘ओली सरकार जनविरोधी’



नयाँ दिल्ली । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय सचिव परि थापाले ओली नेतृत्वको सरकार विगतका सरकार जस्तै जनघाती र राष्ट्रघाती भएको बताएका छन् । १५ अगस्त, २०१८ मा नेपाली एकता समाज, भारतको दिल्ली राज्य अन्तर्गत नोयडा नगरको सम्मेलनलाई सम्बोधन गर्ने क्रममा नेता थापाले यस्तो बताएका हुन् ।

थापाका ...बाँकी ६ पेजमा

## ‘दलाल शासनव्यवस्था महिला हिंसाको प्रमुख कारण’

काठमाडौं । ‘समाजमा बलात्कार बढोत्तरी किन’ विषयक शीर्षकमा एक अन्तरक्रिया कार्यक्रम बिहीवार बागबजारस्थित होटल हार्दिकमा भव्यताकासाथ सम्पन्न भएको छ । पछिल्लो समयमा आउँदा एकदुई महिनाको अन्तरालमा देशभर बलात्कार र बलात्कारपछि हत्याको घटनामा अनायास बृद्धि भएपछि महिला संगठनहरूले संयुक्त रूपमा देशको राजधानी सहर काठमाडौंमा यस्तो खाले अन्तरक्रिया कार्यक्रमको आयोजना गरेका हुन् ।

आयोजित कार्यक्रमको सुरुमा पूर्व मन्त्री तथा महिला नेता हिसिला यमीले संयुक्त महिला संघर्ष समितिको तर्फबाट तयार पारिएको कार्यपत्र बाचन गरेर सुनाएकी थिइन् । ‘समाजमा बजात्कारको बढोत्तरी किन ?’ शीर्षकमा तयार पीरएको उक्त कार्यपत्रमा विषय प्रवेश, वैचारिक प्रश्न, राजनीतिक प्रश्न, सामाजिक प्रश्न, आर्थिक प्रश्न, सांस्कृतिक प्रश्न, मनोवैज्ञानिक प्रश्नहरू उठाउँदै र विश्लेषण गर्दै त्यसका समाधानका दीर्घकालीन र तात्कालीन उपायहरूको व्याख्या पनि गरिएको छ । विषयको उठान गर्दै महिलाका लागि नेपालका घर, विद्यालय, सार्वजनिक स्थल, वनपात, मेला, घाँस, कार्यालयहरू ...बाँकी ४ पेजमा

## ‘मजदुरका माग बेवास्ता गरिए सशक्त आन्दोलन’



काठमाडौं । सरकारले निर्धारण गरेको मजदुरहरूको पारिश्रमिक मजदुरको जीवनयापनका लागि निकै कम भएको र बन्दै गरेका ट्रेड युनियन सम्बन्धि कानुनहरू समग्र मजदुरहरूका हक र हितविरोधी भएको भन्दै १४ वटा मजदुर संगठन तथा ट्रेड युनियन संगठनहरूले बुधवार माइतीघर मण्डलामा विरोधसभा भव्य रूपमा सम्पन गरेका ...बाँकी ४ पेजमा

## अख्तियारको दुरूपयोग गर्नेहरूले गरे अदालतको समेत ठाडो अवहेलना

काठमाडौं । अख्तियारको दुरूपयोग गरेको आरोप खेपिरहेका समाजकल्याण मन्त्रालय तथा समाज कल्याण परिषद्का पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरूले सर्वोच्च अदालतको आदेशको समेत ठाडो अवहेलना गरेको पाइएको छ । नेपाल सरकार मन्त्रीपरिषद्को २०७३ जेठ १३ गतेको निर्णय अनुसार समाजकल्याण ऐन, २०४९ को ५ (२) (७) वमोजिम समाजकल्याण परिषद्को सदस्य सचिवमा मनोनयन भएका डिल्लीप्रसाद भट्टलाई नेपाल सरकार मन्त्रीपरिषद्को २०७५ साउन १८ को निर्णय र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको २०७५ साउन २१ को मन्त्रीस्तरीय निर्णय बमोजिम मन्त्रालयमा हाजिर हुन आउनु भनी दिएको पत्र त्रुटीपूर्ण र कानुन विपरीत रहेको ठहर गर्दै साउन १८ मा गरिएको मन्त्रिपरिषद्को निर्णय र साउन २१ र २४ मा मन्त्रालयले स्पष्टीकरणसहित मन्त्रालयमा हाजिर हुन भनी लेखेको पत्र समेत कार्यान्वयन नगर्नु नगराउनु र सदस्य सचिव भट्टलाई यथावत पदमा कार्य गर्न दिनु भनी साउन २९ मा जारी गरेको अन्तरिम आदेश विपरीत परिषद्मा सदस्य सचिव भट्टलाई हाजिर गर्न नदिएर अदालतको ठाडो अवहेलना गरेको पाइएको हो ।


यसरी सदस्य सचिव भट्टलाई हाजिर हुन नदिएर अदालतको अवहेलना गर्नेमा परिषद्का उपाध्यक्ष निरमणि बराललगायत रहेको परिषद् स्रोतले बतायो । स्रोतका अनुसार सचिव भट्टको कार्यकक्षको ताला तोडेर मन्त्रालयबाट काम चलाउ रूपमा ल्याइएका ...बाँकी ४ पेजमा

## कर, करभार र सङ्घीयता विरोधी कर

**१) करको कुरो : जनता किन विरोध गर्दैछन् ?**

- खोला तर्दा पनि जनतालाई कर २५ रूपैयाँ ।
- कर उठाउन घाट घाटमा ठेकेदार : प्रति साइकल १५ रूपैयाँ, प्रति मोटरसाइकल ३० रूपैयाँ, चौपायाको १५ रूपैयाँ, सामान प्रतिबोराको १५ रूपैयाँ ।
- चटपटे बच्नेलाई दैनिक कर २० रूपैयाँ ।
- आफ्नै बारीको रुख काट्नेलाई कर २०० रूपैयाँ ।
- कुखुराको अण्डामा प्रतिगोटा १ रूपौयाँ, कुखुरा प्रतिगोटा २० रूपैयाँ ।
- क्यारिमबोर्ड खेलाउनेलाई बार्षिक कर १,००० रूपैयाँ ।
- मकै पोलेर बेच्नेलाई प्रतिदिन कर ४५ रूपैयाँ ।
- भैसी बेच्नेलाई १,००० रूपैयाँ ।

**गत आवमा रू १०।– मा काम हुने जन्म, मृत्यु, विवाह दर्ता र नागरिकताको सिफारिशलाई अहिले रू २,०००।– सम्म कर लिइएको छ । बाटो छेउमा बसेर मकै पोल्ने, चटपटे बेच्ने, मेहन्दी लगाउने, डोकोमा बोकेर साग बेच्ने, गरीब भएको प्रमाणपत्र लिने आदिलाई समेत छोडिएको छैन**



● सीताराम तामाङ ●

- गरिब भएको प्रमाण लिन २५ रूपैयाँ ।
- बेपत्ता भएको नागरिक घर फर्केको कर ५०० रूपैयाँ ।
- मेहन्दी लगाउनेलाई दैनिक १० रूपैयाँ ।
- नागरिकता सिफारिस गरेको २,००० रूपैयाँ ।
- विद्यार्थीलाई फोहर कर मासिक २५ रूपैयाँ ।
- डोकोमा राखेर साग बेच्न बजार पुगेका किसानलाई दैनिक ३५ रूपैयाँ ।
- जन्म, विवाह र मृत्यु कर २,००० रूपैयाँ ।
- सम्पत्ति करमा वृद्धि २,५०० प्रतिशत ।
- घरको तलाअनुसार प्रतितला कर ८,००० रूपैयाँ ।

हेर्नुस् त, जनताले तिर्नुपर्ने करको फेहरिस्त ! यो हो हिजो आज छापिएका राष्ट्रिय दैनिक पत्रपत्रिकाहरूको फेहरिस्त ! यो त भयो स्थानीय तहको सिंहदरबारको फेहरिस्त ! प्रदेश सरकारको र केन्द्र सरकारको करको फेहरिस्त झन अर्कै छन् । बेनामी संघीयता भन्ने बस्तु नेपालमा के लागु गरिएको थियो, ओलीजीको संघीयताविरोधी रुझान भएको सरकारले देखाइहाल्यो करामत- जनताको ढाड सेक्ने करहरू थोपरेर ! हिजोआज देशको ठूलाठूला छापाहरूमा जनतालाई सरकारले कर थोपरेको नाममा संघीयताकै विरोधमा बहस छेड्ने ...बाँकी ७ पेजमा

## सम्पादकीय

# संहिताको स्वामित्व लिनबाट जनता बञ्चित

यही भदौ १ गतेदेखि देशमा देवानी, फौजदारी तथा कार्यविधिगत र केही संशोधनका संहिताहरू कार्यान्वयनमा आएका छन् । यी सबै 'मुलकी ऐन'लाई प्रतिस्थापन गरी ल्याइएका हुन् । तर गणतन्त्र कालमा आएर पनि जनताले ऐनकानुनमा आफ्नो स्वामित्व र अपनत्वको महसुस गर्न पाएनन् । यो दुःखको कुरा हो ।  पहिलो कुरा त देवानी, फौजदारी, कार्यविधिगत जस्ता महत्वपूर्ण कानुन संहिताहरू बनाइँदा जनता यो प्रक्रियामा सहभागी भएर आफ्ना राय र मतहरू प्रकट हुन पाएनन् । कानुन निर्माणको यो प्रक्रिया केवल संसद, सम्बन्धित मन्त्रालय र विभागहरू तथा केही सरकारी विशेषज्ञहरूको काम र पेवा मात्र बन्न गयो । जनताको चासो र सम्बन्धलाई नजरअन्दाज मात्र गरियो ।

दोस्रो कुरा, संहिता निर्माणपछि छलफलका लागि जनताका बीचमा लगेर राय र मत मागिएन । बरु दुईतिहाई बहुमतको सरकार बनेको दम्भमा संहिता निर्माण केवल राज्यले राज गर्नका लागि बनाउने दण्ड विधानका रूपमा परम्परागत हिसाबले सोचियो र जनताको चासो र भूमिकालाई न्युनीकरण गरियो ।

तेस्रो र महत्वपूर्ण कुरा, बहुमत र 'वाम'का नाममा पश्चगामी र प्रतिक्रान्तिकारीहरूको सरकार बनेपछि निर्माण गरिँदै गरेका संहितामा जनताको अपनत्व र स्वामित्वलाई ठाडै इन्कार गरियो र राणाकालीन तथा पञ्चायतकालीन परंपरागत पदचिन्हलाई पछ्याइयो ।

नेपाली समाजको विकास,  समयको गति, विज्ञानप्रविधिमा आएको क्रान्ति, नेपाली समाजको अन्तर्राष्ट्रिय अन्तरघुलन, विश्व मानव समाजले लिएको शिक्षा र नेपाली कानुन तथा ऐन निर्माण र विकासका क्रममा नेपालको आफ्नै विशिष्टताहरूमा सिकेका पाठहरूलाई यी संहिताहरू निर्माण गर्दा निकै नै उपेक्षा गरियो । यी सबै देशीय वा घरेलु कानुन निर्माण गर्दा हेक्का राखिने कुराहरू थिए । यसका साथै, नेपाली जनताको प्रत्यक्ष सहभागितालाई पनि सुनिश्चित गरिनु जरुरी थियो । त्यही कुरा गरिएन ।

यो जंगबहादुरको जहाानियाँकालीन शासनकाल पनि होइन । पञ्चायतकालीन राजतन्त्रात्मक शासनकाल पनि होइन । भनाइ र केही गराइ तथा फरकपनका हिसाबले यो गणतन्त्रकालीन समय हो । यो आयातित विशेषताहरूसहितको दलाल तथा नोकरशाही शासन व्यवस्था हो । स्वभावैले यसमा बाह्य प्रभाव बढी नै हुन्छ । देशका जनता के चाहन्छन् भन्ने भन्दा पनि बाह्य शक्तिहरूले के भन्छन् भन्ने कुरामा बढी ख्याल राखिन्छ । यसले त कतिसम्म पनि गर्न बेर लाउँदैन भने 'औषधि खाने र लाउने कुरा हो, राम्रै गर्छ' भनेर अरुले भनेको लहलहैमा अरुको गोडामा घाउ देखेर आफ्नो खुट्टामा मल्हम लगाउन वा औषधि खान समेत् बेर लगाउँदैन ।

नेपालमा अरुलाई देखाइदिने, चमत्कार नै ल्याइदिने, र विश्व मापदण्डमा पुर्‍याइदिने हावादारी चलन आजको होइन ।  झन् केपी ओली र पुष्पकमल दाहाल सत्तामा भएका बेला यहाँ हुने पनि नहुन सक्छ र नहुने पनि हुनसक्छ । बोलिदिए हुने र भनिदिए हुने । तर ख्याल यत्तिसम्म पनि राखिदैन कि बोलेका, भनेका र लेखेका कुराहरू कार्यान्वयन होलान् वा होओइनन् ।

मुलुकी संहिता निर्माताहरूका अनुसार अन्तर्राष्ट्रिय मान्यता र मापदण्डअनुसार देशको देवानी तथा फौजदारी कानुनहरू निर्माण गर्दा ६० प्रतिशत देशमा चलिआएका कानुनलाई परिमार्जन र अध्यावधिक गरेर, २० प्रतिशत सर्वोच्च अदालतद्वारा कानुन सरह पालना हुने गरी फैसला गरिएका नजीरहरूलाई लिएर र बाँकी २० प्रतिशत अन्तर्राष्ट्रिय कानुनका अंश समावेश गरी पूर्णाङ्कको मापन गरिइन्छ । आखिर कुरा जे गरिए पनि यस पालाको संहिता ऐन सिधा अर्थमा जनतालाई शासन गर्नका लागि दलाल तथा अभिजात वर्गले आफ्नो स्वार्थमा बनाएका हुन् ।

नेपालमा कानुनको प्रयोग र विकासको इतिहासलाई हेर्‍यौं भने जंगबहादुर राणाको 'मुलुकी ऐन' ले जहानिँया शासनलाई दीगो र बलियो बनाएर १०७ वर्षसम्म बचाइ राख्न मद्दत पुर्‍यायो । त्यसै गरी राजा महेन्द्रका पालामा बनाइएको मुलुकी ऐनले पञ्चायती शासनको दीगोपनका लागि बलिया तारबारहरू निर्माण गरिदिएर ३० वर्षसम्म निरंकुश पञ्चायती राजशाहीलाई जोगाउन मद्दत गर्‍यो । हाल तेस्रो पटक बनेको गणतन्त्रकालीन संहिता देशमा विद्यमान 'वाम' बहुमतको सरकार तथा 'प्रजातान्त्रिक' कांग्रेसीको प्रतिपक्ष रहेको दलाल तथा नोकरशाही शासन व्यवस्थालाई दीगो बनाउनका लागि ल्याइएकोमा कुनै पनि शंका र विवाद छैन ।

यी संहिताहरू जनताका आँखामा जनतालाई दण्डित गर्न बनाइएका कानुनहरू हुन् । दलाल तथा नोकरशाही शासनव्यवस्थाका विरोधी राष्ट्रियता र जनपक्षीय विचार, मत, आवाज, विरोध, विद्रोह, पार्टी, समूह, व्यक्ति, आन्दोलन र क्रियाकलापहरूलाई यसले नियन्त्रण र दण्डित गर्छ । त्यसैले यी संहिताहरू निर्माण र लिपिबद्ध गरी संसदमा पुर्‍याएर पास गरी लागु गर्दाको लामो प्रक्रियासम्म जनतालाई कहीं र कतै पनि जानाजान सहभागी गराइएन । यसमा सत्ताको दलाल तथा नोकरशाही चरित्रका कारण जनताले अपनत्व र स्वामित्व महसुस गर्ने ठाउँ नै रहँदैन ।


## लेखकहरूमा अनुरोध

१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,
२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,
३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# नेपाली क्रान्तिलाई सही दिशा प्रदान गर्नेबारे



पुष्पगोपाल श्रेष्ठ

नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) तीन करोड मानिसहरू भएको एउटा महान् राष्ट्र नेपालमा महान् क्रान्तिकारी संघर्षको नेतृत्वगर्ने पार्टी हो । वर्तमान नेपालको राजनीतिक वस्तुस्थिति अनुसार देशमा विभिन्न कालखण्डमा जनता आवद्धभई गरेको जनयुद्ध, विद्रोह र आन्दोलनहरूको आज एक मात्र उत्तराधिकारी स्वरूप बाँकी रहेको हाम्रो पार्टी हो । त्यसैले यस्तो पार्टीमा योग्यता र राजनैतिक इमान्दारीको मेलले सुसज्जित नेतृत्वदायीहरूको ब्यापक संख्याबिना यसले आफ्नो ऐतिहासिक अभिभारा पूरा गर्न सक्दैन । बितेका २३ वर्षमा हाम्रो पार्टीले थुप्रै सुयोग्य नेता र कार्यकर्ताहरूलाई तालिम दिएका थिए । जसले गर्दा त्यतिखेर हामीकहाँ सैनिक, राजनीतिक र सांस्कृतिक क्षेत्रमा तथा पार्टीको कार्य र जनकार्यको क्षेत्रमा काम गर्ने काडरहरूको एउटा खाका तयार भइसकेको थियो ।

तर, त्यसमध्ये केही हिस्सा दक्षिणपन्थी अवसरवादी चंगुलमा फसी अन्ततः देश र जनतालाई मात्र हैन, आफूले आफैलाई धोखा दिएर दक्षिणपन्थी नवसंशोधनवादमा पतन हुन पुगे । तसर्थ, हाम्रो क्रान्तिकारी संघर्षको महान् लक्ष्य र उद्देश्य धान्नको निम्ति अहिले हामीसँग मौजुद खाका चाहिंदो मात्रामा दरिलो भइसकेका छैनन् । पार्टीभित्रका सक्षम मानिस (काडर) हरूलाई अझ व्यापक स्तरमा तालिम दिनु जरुरी छ । नेपाली जनताको महान् संघर्षप्रति आकर्षित भई थुप्रै सक्रिय मानिसहरू अघिसर्न लालायित हुँदै आइरहेको संकेत देख्नमा आएको छ र निरन्तर रूपले अघि सर्दै गरेको भान हुन्छ । यस मानेमा तिनीहरूलाई संगठित गर्ने, तालिम दिने, तिनको राम्रो रेखदेख गर्ने र उचित ढङ्गले उपयोग गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ ।

क्रान्तिकारी कार्यदिशालाई सही मानेमा क्रान्तिकारी पृष्ठभूमिभित्र व्यवहारतः कार्यान्वयन गर्ने सम्बन्धमा नेतृत्वको काँधमा दुईवटा प्रमुख जिम्मेवारी रहेका हुन्छन् । यस्तो दुई प्रमुख जिम्मेवारी भनेको उपायहरू रच्नु र कार्यकर्ताहरूलाई राम्ररी कार्यक्षेत्रमा उतार्नु । भन्नुको मतलव योजनाहरू बनाउनु, निर्णय गर्नु तथा आदेश र निर्देशनहरू जस्ता सबै उपायहरू रच्ने विधिमा पर्दछन् । कार्यकर्ताहरूलाई पार्टीको कार्ययोजनाहरूमा सम्लग्न गराउने सन्दर्भमा भन्नुपर्दा यहाँ दुईविपरीत ध्रुवमा अडेको कार्यदिशाहरू देख्नमा आउँछ । एउटा कार्यदिशा कार्यकर्ताको योग्यताको आधारमा कार्यभार सुम्पने र अर्को कार्यदिशा हो "गणेश प्रवृत्ति" अर्थात् कृपावादको आधारमा कार्यभार सुम्पने । यीमध्ये पहिलो कार्यदिशाले पार्टीको लक्ष्य र उद्देश्यअनुरूप चल्नमा सकारात्मक भूमिका निर्वाह गर्दछ भने दोस्रोले भताभुङ्ग पार्छ ।

कम्युनिष्ट पार्टीले आफ्ना कार्यकर्ताहरूको सम्बन्धमा नीतिको हकमा लागु गर्नुपर्ने मापदण्डहरू भनेको कुनै कार्यकर्ता पार्टीको कार्यदिशा लागु गर्नमा दृढ छ कि छैन, उसले पार्टीको अनुशासन पालन गर्छ कि गर्दैन, उसले जनसमूहसँग घनिष्ट सम्बन्ध राख्छ कि राख्दैन, उसमा स्वतन्त्र रूपले काम गर्ने क्षमता छ कि छैन र सक्रिय, परिश्रमी र निस्वार्थी छ कि छैन भन्ने हो । "योग्यताको आधारमा कार्यकर्ताहरूलाई कार्यभार सुम्पनु" भन्नुको अर्थ यही हो ।

"कृपावादको आधारमा कार्यकर्ताहरूलाई कार्यभार सुम्पने" कार्यदिशाअनुसार चल्दै आफ्नो वरिपरि निजी कृपापात्रहरू जम्मा गर्दै एउटा सानो गुट बनाउने, अनि आखिरमा त्यस्ताले पार्टीप्रति गद्दारी गरी पार्टी विभाजनको नाउँमा क्रान्तिकारी शिविरबाट भागेर गएको हामीसँग कटु अनुभव छ । अहिले पनि पार्टीभित्र त्यस्ता कुतत्वहरूको पत्तासाफ भइसकेको छ भनी ढुक्क बस्ने स्थिति छैन । यस सम्बन्धमा हरहमेसा सचेतता अपनाइ रहनु जरुरी छ । यस प्रकारको घटना वास्तवमा भन्नुपर्दा हाम्रो निमित्त एउटा महत्वपूर्ण पाठ हो । यो र अरु यस्तै ऐतिहासिक पाठहरूबाट चेतनावनी लिँदै, सबै तहका जिम्मेवार नेताहरूले कार्यकर्ताहरूसम्बन्धी नीतिको हकमा इमान्दारीपूर्ण र न्यायोचित तरिकालाई दृढतासाथ अङ्गाल्ने तथा बेइमानी र अन्यायपूर्ण तरिकालाई आस्वीकार गर्ने र यस प्रकारले पार्टीको एकतालाई सुदृढ पार्ने कुरालाई आफ्नो प्रमुख जिम्मेवारी बनाउनु पर्दछ ।

नेता हुनुको अर्थ अवश्य पनि यो होइन कि काडरहरूमाथि अनावश्यक रूपले धाक-रवाफ जमाई उनीहरूमाथि आडम्बरी पोज जमाउनु । नेता हुनुको दायित्व काडरहरूको राम्ररी रेखदेख गर्नु हो । जस्तो कि बाबु आमाहरूले आफ्नो बालबच्चाहरूलाई खानपिनदेखि स्याहारसुसार र शिक्षादीक्षासम्मको राम्रो व्यवस्था मिलाई, समाजको जिम्मेवारी बहन गर्न सक्ने जिम्मेवार व्यक्तिको रूपमा खडा गरिन्छ । यसैगरी नेताहरूले पनि आफ्ना काडरहरूको राम्ररी रेखदेख गर्न जान्नु पर्छ । रेखदेख गर्नु पनि अनेक तरिकाहरू छन् । पहिले त तिनीहरूसँग मित्रवत हिमचिम बढाई मार्गदर्शन गरी तिनलाई स्वतन्त्र रूपले कार्य गर्न दिनुपर्छ र समय समयमा निर्देशनहरू पनि दिदै गर्नु पर्छ । जसले गर्दा पार्टीको राजनीतिक कार्यदिशाको मार्गदर्शनमा तिनीहरूले आफ्नो पहलकदमीको पूर्ण उपयोग गर्न सकून् ।

यसरी नै तिनका स्तर उकास्न तिनलाई सैद्धान्तिक विषयवस्तुको राम्रो अध्ययन गर्ने हौसला दिँदै शिक्षित पार्नु र तिनले सैद्धान्तिक समझदारीका साथ कार्यक्षमता बढाउन सकून् । यसको साथसाथै तिनको कामको प्रगतिको जाँचबुझ गरिरहनु पर्छ र तिनलाई आफ्ना अनुभवहरूको सार खिच्नु, आफ्ना उपलब्धिहरूको विकास गर्न र आफ्ना गल्तीहरू सच्याउन मद्दत गर्नुपर्छ ।

यसो आफूले गर्नु पर्ने कामहरू केही नगर्ने, कार्यभारहरू मात्र सुम्पिदै जानु, तर फेरि जाँचबुझ भने नगर्नु । अनि तिनले गम्भीर प्रकृतिका गल्तीहरू गर्दै गएपछि मात्रै ध्यान दिने जस्तो कार्यले कदापि पार्टीको हित हुन सक्दैन । तसर्थ प्रत्येक जिम्मेवार नेताले आफ्नो कार्यभारको दायित्वप्रति गम्भीर हुनु जरुरी छ ।

त्यसैगरी पार्टी कार्यकर्ताहरू जो कोही पनि अमर्यादित, ढाँट, छल र गलत चिन्तनको परिवेशभित्र होइन, मर्यादित आचारण, पार्टी अनुशासन, नीति र नियमभित्र संयमित रही, कुनै पनि बेला पार्टीले दिने शिक्षादीक्षालाई भित्रैदेखि ग्रहण गर्नुका साथै आफूलाई जिम्मा दिएको कार्यभारलाई बिनाछलकपट क्रान्तिकारी अडानका साथ पूरा गर्ने तत्परता अपनाई क्रान्तिकारी कार्यकर्ताको सही पहिचान बनाउन सक्नु पर्दछ ।

नेपाली क्रान्तिलाई सही दिशा प्रदान गर्न र क्रान्तिलाई सफल तुल्याउनका लागि, वर्तमान सन्दर्भमा विगतमा भए गरेका विभिन्न जनआन्दोलन, सशस्त्र संघर्ष र मुख्यतः जनयुद्धको आधार तथा अनुभवमाथि ध्यान दिँदै, नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशालाई सहिसलामत कार्यक्षेत्रमा उतार्न, पार्टी काडरहरू तथा गैरपार्टी काडरहरू दुवैमा हामीले ध्यान दिनुपर्छ । पार्टी बाहिर पनि थुप्रै सक्षम मानिसहरू छन्, जसलाई हामिले बेवास्ता गर्नु हुँदैन । क्रान्तिकारीहरू जहिल्यै र जुनसुकै बेला पनि एक्लोपन र अहङ्कारबाट मुक्त भई गैरपार्टी काडरहरूसँग मिलेर काम गर्नु, तिनलाई सच्चा दिलले मद्दत गर्नु, उनीहरूप्रति न्यानो र मित्रवत दृष्टिकोण राख्नु र भारतीय विस्तारवादको मिचाहा प्रवृत्ति र नाङ्गो राजनैतिक हस्तक्षेपविरुद्ध प्रतिरोध संघर्ष गर्ने र नेपालमा अधुरो रहिरहेको नयाँ जनवादी क्रान्तिलाई टुङ्गोमा पुर्‍याई, राष्ट्रको पुनर्निर्माण गर्ने महान् कार्यमा उनीहरूको पहलकदमी उपयोग गर्न सिपालु हुनुपर्छ र यसो गर्नु फेरि कम्युनिष्ट मात्रको ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

कैलुब्राह

# मुलुकी कर संहिता ऐन २०७४

राणा शासनका जननी श्री ३ महाराज जबराले आफ्नो सत्तालाई बलियो बनाउन र कोही कसैले आफ्नो सत्ता उपर दागा धर्न नपाउन् भनि १९१० सालमा मुलुकी ऐन लागू गरे । समयको एउटा कालखण्ड वितेर गएपछि उक्त ऐनले काम गर्न नसक्दा र वदलिएका बंशका शाषकहरूको सत्तालाई निज ऐनले थाम्न नसक्ने भएपछि नयाँ मुलुकी ऐन जारि गरियो । सत्तासँगै बदलिएको ऐनले पनि चलनचल्तीको वर्तमान सत्तालाई टेको पुरो लाउने छाँटकाँट नदेखिएपछि त्यसलाई पनि संसोधन गर्नु पर्ने भयो । २०७२ सालमा श्री ६०१ महाराजहर्ले निर्माण गरेको सत्ताको मुख्य ऐन अनुसार निज मुलुकी ऐनलाई संसोधन गर्नु पर्ने भएकाले हाल हिजका मितिबाट लागू हुनेगरि मुलुकी संहिता ऐन जारि भएको छ । फौजदारी संहिता, देवानी संहिता, अपराध संहिता, भएको उक्त नयाँ मुलुकी संहिता ऐन जस्तै 'मुलुकी कर संहिता ऐन २०७४' पनि यस आवदेखि देशैभरि लागू भएको छ । यहाँ कर संहिता ऐनका बारेमा रैति मुनखेहर्लाई जानकारी गराउने उद्धेश्य बमोजिम चर्चा गरिएको छ ।

अहिले नेपाल मण्डलमा तीन तहमा झण्डै एकहजार थान सरकार छन् । ती सरकारका आफ्ना आफ्नै नियम कानून र ऐन छन् । ती सबै सरकारलाई बलियो बनाउनु नेपाली रैति मनुखेहर्को कर्तव्य भएको छ । सरकार बलियो बनाउन सरकारका मन्तरीहरू उर्फ नेताहरू बलियो हुन जरुरी हुन्छ । 'नेता मोटा भया सत्ता बलियो रहन्छ' भन्ने पिता पुर्खाको अर्ति उपदेश बमोजिम नेता मोटा बनाउनका खातिर सबै सरकारले कर बलियो बनाउनका लागि मुलुकी कर संहिता ऐन २०७४ जारी भएको हो । उक्त कर संहिता ऐन रैति मनुखेका जानकारीका लागि यहाँ केही दफाका बुँदाहरू प्रस्तुत गरिएको छ ।

उक्त कर संहिताको प्रस्तावनामा भनिएको छ -

'नेपाल सरदमा जन्म लिइसकेपछि, जन्मिएर बसोबास गरिसकेपछि निज उक्त सरदको वडादेखि पालिका हुँदै परदेश र देशको रैति हुन्या छन् । रैति भयापछि निजले सरकारका छोटे तहदेखि बडेतहसम्मका मन्तरी उर्फ नेताहर्को आवश्यक्ता अन्सारको भरण पोषण गर्नु उसको दायित्व हुन्या छ । उक्त दायित्व पूरा गर्नाका लागि निज रैती मनुखेले जन्मदादेखि मर्दासम्म राज्यलाई कर तिर्नु अनिवार्य हुन्या छ । यदि कर नतिर्न्या भया जन्मनै पाइन्या छैन र जन्मिएका पनि मर्न पाइन्या छैन । मरिहाले पनि कर भुगतान नगरी जल्न वा गाडिन वा कुनै पनि तरिकाले समाधिस्त हुन पाइन्या छैन । तसर्थ कर तिर्नु सबै रतिहर्को कर्तव्य हो भन्ने कुरालाई सबैले मनन् गर्नु पर्न्या छ । कर तिरेमा नेता मोटा हुन्या छन् । नेता मोटा भया सत्ता बलियो रहन्या छ ।'

अब सो ऐनमा दफाबार उल्लेख गरिएका कर संहिताका केही बुँदा उल्लेख गरिन्छ ।

- नेपाल सरदको कुनै पनि राज्यको तहभित्र मनुखेले जन्म लिएमा निजको सम्बन्धित सरकारमा नाउँ लेखाउनु अनिवार्य हुन्या छ र नाउँ लेखाउँदाका बखत उक्त राज्यको सरकारले तोकेको कर ढाड भाँचिनेगरि तिर्नु पर्न्या छ ।
- ताहाँउप्रान्त उसले बिरामी भई ओक्तोमुलो गर्दा, स्कुल पढ्दा र पढाउँदा, जागिर खाँदा, खेतिपाती गर्दा, पशुपरानी पाल्दा, हिँड्दा डुल्दा, खाँदा प्युँदा, आची गर्दा, सुत्दा उठ्दा निश्चित तोकिए बमोजिमको कर बाँचुन्ज्याल तिर्नुपर्न्या छ ।
- जग्गा किन्दा बेच्दा, घरमा बस्दा उठ्दा, पानी नआए पनि धारा मात्रै जोड्दा, बत्ती नआए पनि लाइन मात्रै जोड्दा तोकिएको कर तिर्नु पर्न्या छ ।
- नाङ्लै नै किन नहोस् दुकान गर्दा, खोलामा माछा मार्दा, विहान विहानै खर्पन, डोको, गैँजा वा कुम्लोमा तरकारी लगेर घरघरै डुलाएर बेच्दा, वा कुनै पनि उद्योग वा बन्दव्यापार गर्दा कर तिर्नु पर्न्या छ ।
- सडक पेटीमा बसेर गीत गाएर पैसा उठाउँदा, गिट्टी फोर्ने वा इँटा पार्ने वा बोक्ने वा हलो जोत्ने वा भारी बोक्ने वा पल्लेदारी गर्ने वा रिक्सा चलाउने, वा होटेलमा भाँडा माझ्ने, वा नाच्ने सबैले कर तिर्नु पर्न्या छ ।
- साइकिलदेखि बाइक, मोटर, कार, बस, ट्रक, ट्र्याक्टर आदि सबै यातायातका साधन प्रयोग गर्ने वा घरमा राख्ने सबैलाई कर लाग्ने छ ।
- विदेशमा गएर चाहे पचास डिग्रीको तापक्रमा काम गरोस् वा माइनस डिग्रीमा काम गरोस् सबैले रेमिट्यान्स भित्र्याए वापत कर तिर्नु पर्न्या छ ।
- महिलाले लालि पाउड क्रिम घसेमा, पार्लरमा गएर छन्नभाँतीका कपाल रङ्गाएमा वा ट्याटू खोपेमा वा मुन्द्रा झुण्ड्याएमा वा गहनापातले झकिझकाउ भएमा सबै करको भागिदार बन्या छन् ।
- जमिन जोतेर खेति गरेमा उत्पादन कर लाग्न्या छ भने बाँझो राखेमा जरिमाना कर तिर्नु पर्न्या छ ।
- घरकर (ट्वाइलेट, वाथरुम, बेडरुम, किचेन, बैठक कोठा भऱ्याङ आदिको अलग अलग कर) लाग्न्या छ । यसमा घर बहालकरको पनि छुट्टै व्यवस्था गरियाको छ ।
- मनुखेको गर्वाधारण देखिका सबै सोह्र संस्कारहरूमा कर लाग्ने व्यवस्था गरियाको छ ।
- घरमा पाहुना आएमा पाहुना हुन जान्या र पाहुनालाई पाल्न्या दुबैलाई पाहुनाकर लाग्न्या छ । चाडपर्वमा पर्वकर लाग्न्या छ । त्यसैगरी धर्मकर, जातजातिकर, संस्कारकर, महिलापुरुषको लिङ्गीय करको व्यवस्था गरियाको छ ।

उपर्युक्त करबाट सङ्कलन भयाको राजस्वको खर्च गर्दा जनप्रतिनिधिहर्को तलव भत्ता, भ्रमणभत्ता, बैठक, गोष्ठी सेमिनार खर्च र भत्ता तथा कर्मचारीहर्को तलव भत्ता, प्रशासनिक खर्च, कार्यालय खर्च र भैपरी आउने विविध खर्चमा खर्च गरी बच्याको रकम विकासमा लगाइन्या छ । विकासमा लगाउँदा सकेसम्म जनप्रतिनिधिहर्का डोजर प्रयोग गरी बाटो खनिने कार्यमा लगाइन्या छ । सरकारी पक्षका ठेकेदारहरूबाट ठेक्कामा काम लगाइन्या छ । तीनै तहका सरकारी पाटीका कार्यकर्ताहर्को निर्माण समिति र अनुगमन समिति बनाई कामलाई प्रभावकारी र पारदर्शी तरिकाले गरिन्या छ ।

यसरी कर संहिता ऐनले व्यवस्था गरेका करका प्रकारहरूको मोटामोटी रूपरेखा यहाँ प्रस्तुत गरिएको छ । सबैमा चेतना भया ।

*२ भदौ २०७५*

*kailubraha73@gmail.com*

# सरकारले आफ्ना सेवा, सुविधा र विलाशी गाडीहरू खरिद गर्न कर लगाइरहेको छ

**उत्पीडनमा परेकाहरू पनि आफ्नो लागि संघर्षको सही बाटोमा हिंड्न तयार हुनु पर्छ । आफ्नो मित्र र शत्रु चिन्न सक्नुपर्छ । खोज्नु पर्दछ । भ्रममा परिराखेर मुक्ति संभव छैन ।**



## कमल चौधरी

***संगठन विस्तार तथा जनपरिचालन अभियान २ नं. प्रदेशमा कसरी चलिरहेको छ ?***

त्यहाँ खास गरी हामी अहिले आन्तरिक रूपले सांगठनिक कार्यक्रमहरूलाई नै महत्व दिइरहेका छौं । सबैजसो जनवर्गीय संगठनहरू र पार्टीका स्थानीय संगठनहरू पनि अहिले धमाधम बन्दै छन् । प्रत्येक जिल्लामा यो अभियान चलिरहेको छ । जिल्लाका साथीहरू उत्साहका साथ कार्यक्रममा लागि र हनु भएको छ । अहिले संगठन बिस्तारका लागि थपिएको समयको राम्रो सदुपयोग भइरहेको छ । हामीले त्यहाँ केही संघर्षका कार्यक्रमहरू पनि राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सवालसँग जोडेर लगिरहेका छौं । विभिन्न तहका सरकारहरूलाई पनि ज्ञापनपत्रहरू बुझाउने कामहरू चलाउन थालेका छौं ।

***अहिलेको संगठन परिचालन फेरि पनि केही समस्या देखिएको छ या पहिलेको भन्दा गति ल्याएको छ ?***

साथीहरूमा पहिलेको भन्दा केही गति आएको छ । पहिले पहिले केही साथीहरूलाई समस्या परेर त्यसमा केही अवरोध त आयो । तर अहिले आएर सबै कार्यक्रममा लागिपरेका छन् । प्रदेश नम्बर २ मा अरु प्रदेशको भन्दा सीसीएमहरूको संख्या अलि कम नै छ । कतिपय प्रादेशिक समितिका साथीहरूले जिल्ला चलाइरहनु भएको छ । उहाँहरूलाई कतिपय जिल्लाको जिम्मा पनि दिइएको छ । जिल्लामा राम्रो काम भइरहेको छ । अहिले सन्तोषजनक छ । राम्रो सँग चलिरहेको छ ।

***अलिकति नेतृत्वको कुरा पनि उठाउनु भयो, त्यहाँको जनमानसलाई उसरी गर्न सकिन्छ होला ?***

नेतृत्व चयन त हामीले हाम्रो कार्यकर्ताहरूकै माझबाट गने हो । जस्तै जिल्ला लेवलको, प्रदेश लेवलको । हाम्रो आफ्नै ले निनवादी सांगठनिक छनौट प्रक्रिया पनि त छ । हामीले भेला संगठन अहिले सुरु गरिसकेको छैनौं । तर अब हुन्छ । त्यो भयो भने निर्वाचनसहित नेतृत्व आँउछन् । र, त्यहाँ तल्लो लेवलका साथीहरूले नै आफ्नो नेता आफै छान्ने प्रक्रिया प्रारम्भ गरिँदै छ ।

***मधेश, पहिचान र संघीयतालाई कसरी जोड्न सकिन्छ ?***

२ नं. प्रदेश भनेको मधेशी बाहुल्य भएको प्रदेश हो । निर्माण गर्दा नै मधेश बाहुल्यता भएकालाई अलग पारेको हो । तर मधेशको प्रश्न जसरी उठाए मधेशी साथीहरूले आन्दोलनका रूपमा, त्यो बन्न सकेको छैन । मुख्य रूपले २०६२/६३ को जनआन्दोलनको पछिल्लो कालमा मधेशी आन्दोलन उठ्यो । जनजाति, आदिवासीहरूका आन्दोलन पनि उठे । यी आन्दोलनहरूले आआफ्नो भूमिका निभाए पनि । संघीयताको कुरा आए । पहिचानका कुरा आए । संविधानसभामा यसको संबोधन पनि भयो ।

वार्ता आयो । त्यसको महत्वपूर्ण भूमिका नै छ । तर त्यो पहिलो संविधानसभामा जुन ११ प्रदेशको लागि पहिचानको आधारमा बनाउने कुरा थियो । त्यो नै वास्तवमा वैज्ञानिक थियो । संसारमै एउटा प्रचलनमा रहेको कुरा के हो भने विविधताको आधारमा संघीयता बनाउनु । तर नेपालमा त्यसो भएन । यहाँका पार्टीका नेतृत्वहरू संघीयतामा अनभिज्ञ थिए भन्न त मिल्दैन, तर जानीजानी पहिचान दिन चाहेनन् । उत्पीडित जाति, समुदाय, वर्गहरूको हातमा शासन सत्ताको कुनै पनि अंश पुग्ला कि भन्ने त्रास उनीहरूको मनमा रहिरह्यो ।

फलतः पहिलो संविधानसभालाई उनीहरूले विघटन गराए । उनीहरूकै षड्यन्त्रमा विघटन भयो । र, दोस्रो संविधानसभा दलाल पुँजीवादी मुल्य मान्यतामा अघि बढाइयो । त्यसलाई पनि निकै यताउति पारियो । चलि आएको संसदीय मान्यता विपरीत कार्यपालिकाको प्रमुखमा न्यायपालिकाको बाहालवाला प्रमुखलाई ल्याइयो । एउटा अनौठो नमुना प्रस्तुत गरियो ।

भनिन्छ न्यायपालिकामा हस्तक्षेप गर्नु हुदैन तर यो यहाँका नेता र प्रमुखहरूले नै जानी जानी त्यसो गरे । यसको बदला अहिले कार्यपालिकाबाट न्यायपालिकमा खेल्न सजिलो भएको छ ।

***नेपालमा संघीयता किन अलमलमा पऱ्यो ?***

शासकहरूले न्यायपालिका र कार्यकापालिकाको प्रमुख एउटै बनएर जात्रा गरे । अब कार्यपालिकाको प्रमुखले न्यायपालिकामा हस्तक्षेप गर्छ भन्ने कुरा अनौठो भएन । यिनीहरूले यी सबै जानी जानी गरेका हुन् । त्यो स्थितिमा सुधार आउन गाह्रो छ । वर्तमान व्यवस्थाभित्रै गलत ढाँचा र परिपाटीको विकास गर्न खोजियो । अहिले संघीयताको जुन सातवटा प्रदेश बनाएको छ, यो वास्तवमा संघीयता नै हो इन । संघीयता भनेको वास्तवमा प्रदेश स्वायत्त हुने र केन्द्र समन्वयकारी भूमिकामा रहने हो । तर यहाँ त के भयो भने सम्पूर्ण शक्ति केन्द्रमा रह्यो । यहाँ रूपमा संघीयता र सारमा केन्द्रीयता नै भयो । आखिर एकात्मक शासन नै भयो ।

त्यसैले यो संघीयताको धेरै कुराहरू अहिले विवादित छन् । यसको समाधान अहिलेलाई समस्या हुन गइरहेको छ । वास्तविक स्वरूपसहित पहिले परिकल्पना गरिएका प्रदेशहरू त अहिले एउटा दुईवटा बाहेकका प्रदेशहरू अरु त टुक्राटुक्रा पारिदिए ।

बास्तवमा त्यो समाधान होइन । यसले झन् विवाद निम्त्याउँछ । निश्चित रूपमा वर्तमान सत्ताधारीहरूलाई यसले पछि गएर असाध्यै मुश्किल पार्ने छ । किनकि यो ठिमाहा खालको संघीयता बिघटन हुने सम्भावना बढी छ ।

***त्यसो भए यो सरकारले जनसमुदायहरूको, भाषाभाषी, वर्ग, क्षेत्र, लिङ्ग आदिको शिष्टता बुझ्न सकेन वा चाहेन ?***

हो यो विशेषता बुझिएन । विविधता बुझिएन । वास्तवमा संघीयता पनि बुझिएन । उल्टै शासकहरूले त पहिचानको कुरा उठाउँदा जातिवाद भनिदिए । वास्तवमा जातिवाद त अहिले पो लागु गरिरहेको छ सरकारले । जाति भनेको र जातिवाद भनेको फरक कुरा हो ।

जाति भनेको हटाउनै नसकिने कुरा हो । जाति वैज्ञानिक कुरा हो । बायोलोजिकल कुरा हो । कुनै जातिलाई हामीले खत्तम गर्न सक्दैनौ । एक अर्काको जातित्व हामी अस्वीकार गर्न सक्दैनौ भने त्यो नै एउटा जातिवाद हो । एक जातिले अको जातिमाथि शासन गर्न खोज्छ भने त्यो जातिवाद हो । जो अहिलेको संघीयता छ र जो सारमा एकात्मक रूपमा छ यो नै एउटा जातिवादको रूपमा रहेको छ । यो रहँदासम्म जातिय पहिचानलाई स्वीकार गदैन र यसमा पहिले देखिकै जो जातिहरू शासनमा हाबी थिए, उनैले आफ्नो वर्चश्व कायम राखेकै छन् ।

वास्तवमा अनौठो कुरा संविधानमा खस, आर्यलाई संवैधानिक जाति बनाइ दियो । अरु उत्पीडनमा परेका जो बहिष्कृत समुदाय छ, त्यसलाई पो समावेश गराउने हो । यो त के भयो भने जो शासनमा थियो, त्यसैलाई स्थापित गरायो त यो संविधानले । त्यसैले यो मूल रूपमा सैद्धान्तिक हिसाबले गलत छ । अहिलेको समस्या त्यही कारणले निम्तिएको हो ।

***हामीहरूले सोचेको संघीयतामा पुग्नका लागि कस्ताखाले संघर्षका स्वरूपहरू अपनायौं भने सजिलो हुन्छ होला जस्तो लाग्छ ?***

संघीयता चाहिएको अधिकार नपाएका, बहिष्कृत, सीमान्तकृतहरूलाई हो । तिनलाई अधिकार दिने र समान अवस्थामा ल्याउने भनेको सापेक्षतामा विकसित जाति, समुदाय र वर्गहरूले हो । यो भनेको समकक्षी तुल्याउने पनि हो । संघीयताको मुख्य उद्देश्य यही हो । त्यसै हुनाले त्यसो गर्नका लागि सबै उत्पीडित वर्गहरू तथा जनसमुदायलाई सबैमा समवन्यत कायम गरेर अघि बढाउनु पर्छ । यिनलाई संगठित रूपबाट आफ्नो अधिकारको बोध गराएर संघर्ष र आन्दोलनमा उतार्न सक्नुपर्छ । यसपछि यसले सही बाटो लिन्छ । आउँदो समयमा यो विना आन्दोलन हुन सक्दैन । राजनीति संघर्षविना एक पाइला अगाडि बढ्दैन ।

त्यसैले उत्पीडनमा परेकाहरूल पनि आफ्नो लागि संघर्षको सही बाटोमा हिंड्न तयार हुनु पर्छ । आफ्नो मित्र र शत्रु चिन्न सक्नुपर्छ । खोज्नु पर्दछ । भ्रममा परिराखेर मुक्ति संभव छैन । जस्तो अहिलेको चुनावमा देखिएको पनि थियो । पैसा पाएपछि जसलाई पनि भोट दिएर मुक्ति हुँदैन । हाल चुनिएका प्रतिनिधिहरू आफ्नो सुविधाको लागि विलाशी गाडीहरू प्रयोग गर्न कर लगाइरहेका छन् ।

*(चौधरी अखिल नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय अध्यक्ष हुन् ।)*

# राजा महेन्द्रकालीन जस्तो केन्द्रीकृत शासनसत्ता चलाइएको छ

**संघीयता भनेको माथि साझेदारी र समन्वयकारी र तल स्वायत्तता हो । तर यहाँ राजा महेन्द्रकालीन जस्तो केन्द्रीकृत शासनसत्ता चलाइएको छ । स्थानीय निकायहरू अधिकारविहीन छन् । संघीयताको नाममा केवल भौगोलिक र प्रशासनिक विभाजन मात्र भएको छ**



## नगेन्द्र राई

***जनपरिचालन अभियान कसरी चलिरहेको छ ?***

पछिल्लो चरणमा साथीहरू संगठन निर्माणमा निकै तिब्रतामा लागेको देखिन्छ । यो सक्रियतासँगै प्रदेश तहका केही कमिटीहरू पनि निर्माण भएका छन् । जिल्ला तहमा पनि बनाइँदै छ । केन्द्रीय समितिले निर्धारण गरेका जिल्ला तहका भेला, सम्मेलन र वैठकहरू पनि हुने क्रम जारी छ । सबै साथीहरू क्रियाशीलताका साथ लागि परिहेका छौं ।

***साथीहरूमा केले उत्साह ल्याएको छ ?***

साथीहरूमा पहिलो कुरा त हामी आफैमा क्रियाशीलता आयो, यसबाट उत्साहित हुनुहुन्छ । दोसो कुरा, प्रचण्डको एमालेमा बिलय र विप्लबको असफलतापछि एक मात्र विकल्पका रूपमा यो पार्टी रहन गएकाले पनि जिम्मेवारी बोधले गर्दा क्रियाशीलता ल्याएको छ ।

समयक्रमले हाम्रो पार्टीको राजनीतिक कार्यदिशा निकै दुरदर्शी र अब्बल रहेको प्रमाणित हुन पुग्यो । यही कार्यदिशा र राजनीतिक लाइनबाट नै नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न हुने छ भन्नेमा दृढ विश्वास पल्हाएको छ ।

***अहिले दिशाबिहीन भएर बसिरहेका साथीहरूसँग कत्तिको कुराकानी चलिरहेको छ ?***

यो कुरा विभिन्न राजनीतिक पार्टीहरूको हामीकहाँ आउन खोजेकाहरूसँग पनि चल्दै गएको छ । कतिपय व्यक्ति विशेषसँग पनि चल्दै गएको छ । बढी त एमालेमा नजाने नेकपाका साथीहरूसँग यो कुरा चलिरहेको छ । एमालेमा बिलय हुन नचाहनेहरू हाम्रो पार्टीमा फर्कन चाहिरहेका छन् ।

पूर्वमा झापा, मोरङ, धनकुटा आदिमा यस्ता कार्यक्रमहरू हुँदै पनि छन् । पाँचथरमा पनि यो संभावना बढेर गएको छ । खोटाङमा पनि त्यो खाले कुरा भइरहेको छ । भोजपुरमा पनि आकर्षण बढ्दो छ । आम जनताको पनि हामीप्रति आकर्षण निकै चुलिन थालेको छ ।

***संघर्षका कार्यक्रमहरू पनि लगिने भनिएको छ । कस्ताखाले संघर्षका कार्यक्रमहरू चलाउने सोच्नु भएको छ ?***

पार्टी केन्द्रले राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका विषयहरूमा संघर्षका कार्यक्रमहरू चलाउने सोचेको छ । त्यसलाई हामीले पूर्वको विशिष्टतामा ढालेर लैजाने सोच बनाएका छौं ।

त्यहाँको सन्दर्भमा तीनै तहका सरकारहरूले लगाएको अस्वाभाविक कर र बढाएको महंगीको विरुद्धमा संघर्षलाई अघि बढाउने छौं । यसका साथमा किसानका समस्या, सुकुम्बासीका समस्या र कोशी उच्च बाँधका साथै अरुण तेस्रोका कुराहरू लिएर संघर्ष चलाउने सोचेका छौं ।

संघर्षका यी कार्यक्रमहरूमा पार्टीले सोचेका राष्ट्रियता, जनतन्त्र र जनजीविकाका सबै कार्यक्रमहरू पर्दछन् । तस्कर माफिया, गुण्डा र विचौलियाहरूका विरुद्ध पनि संघर्ष चलाउने छौं । अहिले महिलामाथि भइरहेका र हुने गरेका बलात्कारदेखि सबैखाले उत्पीडन र शोषणका विरुद्ध कार्यक्रम अघि बढाउने सोचिरहेका छौं ।

प्रादेशिक तहमा हामीहरूले एकखाले प्रचार तथा संघर्षका कार्यक्रमहरूलाई अघि बढाउने छौं । पर्चा वितरण पनि गर्ने तयारी गरिरहेका छौं ।

***कार्यगत एकताले कत्तिको गति लिएको छ ?***

कार्यगत एकता इस्युवाइज हुने गरेको छ । विषय मिलेमा साथै जाने गरेका पनि छौं । प्रदेशको पहिचानको आधारमा नामाकरणका बारेमा स्थानीय स्तरमा त्यहाँका पार्टीहरूसँग कुरा पनि भइरहेको छ । राष्ट्रियताको प्रश्नमा त्यहाँका नागरिक समाजसँग कुराकानी भइरहेको पनि छ । कर र महंगीका बारेमा आम जनतामा पनि एकाकार हुने र संघर्षको उठान गर्ने छलफल चलिहेको छ ।

सरकारमा रहेका पूर्व एमाले, माके र प्रतिपक्षमा रहेको कांग्रेस बाहेका अरु पार्टीहरूसँग कुराकानी चलिरहेको छ । यी सबैसँग सहकार्य हुने संभावना त छ, तर ठोस भइसकेको छैन । त्यो ठोस नहुँदासम्म हामी हाम्रै पार्टीको पहलमा संघर्षका कार्यक्रमहरू अघि बढाइरहने गरेका छौं ।

***भदौ १ गेदेखि संहिताहरू लागु भएका छन् । यसका बारेमा तपाईको टिप्पणी के छ ?***

स्थानीय जनताका बीचमा निकै हस्यौली र ठट्यौली भइरहेको छ सरकारका यी संहिताहरूलाई लिएर । अरु गर्ने केही पनि छैन । कर उठाउने र पचाउने उद्देश्यका लागि यसो मात्र गर्ने भनेर जनताले उडाउने गरेका छन् ।

यसको सारमा पनि जनताका लागि केही उपलब्धी देखिदैन । र सतही रूपमा यी सबै मजाक जस्ता भएका छन् जनताका अगाडि । सरकारप्रति विश्वास र भर केही पनि छैन जनतामा ।

***सेवा नै नदिएर कर असुल्न थालेको छ । जनताका मनोविज्ञान कस्तो पाउनु भएको छ ?***

सेवा त के दिएको पो छ र ? करमात्र असुल्ने नीति बनाएको देखिन्छ । कर असुली गरेपछि त्यो पैसा कहाँ लगानी गर्ने कुनै कार्यक्रम पनि छैन । जनताका लागि सहुलियत, सुविधा र सहयोग कहीं पनि छैन । जनताले हामीबाट कर लिएर सरकारले महंगा गाडी किन्ने, भत्ता बढाउने, सेवासुविधा बढाउने, सुखशयल र मोजमस्ती गर्ने, खर्च, भ्रमण गर्ने खर्च र सांसदको भत्ता बढाउने गर्ने छ भन्ने छ । वैठक भत्ता र खाजा भत्ता पनि यसैबाट खाने गरेका जनताले बुझेका छन् ।

***जनतालाई निकै सेवा, सुविधा र सहयोग गरिने छ भनिएको छ । यसमा विश्वास छैन त जनतालाई ?***

पटक्कै छैन । त्यो जनताले अनुभूत गर्नु पर्छ नि त । विना अनुभूतिको हल्लामा जनताले किन विश्वास गर्ने ? त्यसैले त सरकारको हँस्सीमजाक उडाइरहेका छन् जनताले । बाटा बिग्रेका छन्, बजारमा महंगी छ । जनताले केमा विश्वास गर्ने ? जनताले आशा पनि गरेका छैनन् ।

***सरकारका तीनै तहमा सहकार्य कस्तो पाउनुभएको छ ?***

केको सहकार्य ? तीब्र अन्तरविरोध छ । संविधानको पनि दोष छ । संघीयता भनेको माथि साझेदारी र समन्वयकारी र तल स्वायत्तता हो । तर यहाँ राजा महेन्द्रकालीन जस्तो केन्द्रीकृत शासनसत्ता चलाइएको छ । स्थानीय निकायहरू अधिकारविहीन छन् । संघीयताको नाममा केवल भौगोलिक र प्रशासनिक विभाजन मात्र भएको छ ।

प्रदेश र स्थानीय सरकारले स्वायत्ततासहितको आफ्ना हक र अधिकार खोज्ने भएकाले यसमा चर्को विवाद छ । केन्द्र र प्रदेशको सूची र स्थानीय तथा केन्द्र र प्रदेशको सूची नै मिलिराखेको छैन । ती अधिकारहरूको सूची तयार पार्ने कानुन बनाउने अधिकार पनि केन्द्रीय संसदलाई दिइएको छ । प्रदेश र स्थानीयका कुनै पनि अधिकारहरू यहाँ छैनन् । प्रदेश सरकारलाई कुनै पनि अधिकार विनियोजित गरी दिइएको छैन । बरु प्रदेश सरकार र स्थानीय सरकारका विघटनका कुरा पो राजनीतिक बजारमा आइरहेका छन् ।

*(राई अखिल नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय महासचिव हुन् ।)*

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# प्रेस स्वतन्त्रताविरोधी ऐन खारेज गर्न क्रान्तिकारी पत्रकार महासंघको जोडदार माग

काठमाडौं। क्रान्तिकारी पत्रकार महासंघले बिहीबार एक प्रेस वक्तव्य जारी गरी प्रेस स्वतन्त्रताविरोधी ऐनलाई कालो कानुनको संज्ञा दिँदै यसको खारेजीको लागि जोडदार रूपमा माग गरेको छ। महासंघका अध्यक्ष इन्द्र राउतले जारी गरेको वक्तव्यमा केपी शर्मा ओली नेतृत्वको सरकारले भदौ १ गतेबाट लागु गर्न लागेको मुलुकी अपराध(संहिता) ऐन, २०७४ सञ्चारमाध्यमहरूले भ्रष्टाचार र अपराधीहरूको बारेमा लेख्न र प्रसारण गर्न नसक्ने गरी प्रमाणिकरण भएर आएको भन्दै उक्त ऐनको खारेजीको माग गरेको छ। वक्तव्यमा उक्त ऐनको २९३ देखि ३०८ सम्मका दफामा समेटिएका प्रावधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि कडा अंकुश मात्र लगाएको छैन, हुबहु रूपमा यो ऐन कार्यान्वयनमा आए सञ्चारमाध्यमकै अस्तित्व समाप्त भएर जाने दावी समेत गरिएको छ।

वक्तव्यमा भनिएको छ, 'ऐनको दफा २९३ मा कसैको कुरा सुन्ने वा ध्वनि अंकन गर्ने कार्यलाई गोपनीयताविरुद्धको कसुरका रूपमा परिभाषित गरिनु, जसमा दोषी ठहर भए दुई वर्षसम्म कैद वा बीस हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ऐनमा उल्लेख गरिनुले अनुसन्धानमूलक प्रकृतिको खोजी पत्रकारितालाई पूरै निस्तेज पार्नेछ भने दफा २९५ ले अनुमतिबिना तस्बिर खिच्ने कामलाई गोपनीयताविरुद्धको कसुर मान्दै दुई वर्षसम्म कैदको सजाय तोक्नुले प्रेस स्वतन्त्रता र यसको अस्तित्वमाथि सिधा धावा बोलेको स्पष्ट हुन्छ।'

वक्तव्यमा अन्तमा भनिएको छ, 'यसर्थ, हाम्रो संगठन आफूलाई वाम बताउने ओली सरकारले ल्याएको यस किसिमको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी ऐनलाई कालो कानुनको संज्ञा दिँदै यसको अविलम्ब खारेजीको जोडदार माग गर्दछ। शासकीय स्वेच्छाचारितालाई निर्वाध रूपमा बढवा दिने र सर्वसत्तावादी तथा फासिवादी प्रवृत्तिलाई मलजल गर्ने यस किसिमको ऐनको खारेजीका लागि हामी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधर सबै सरोकारवाला पक्षलाई चौतर्फी रूपमा दबाब सिर्जना गर्न विशेष आव्हान एवम् अनुरोध समेत गर्न चाहन्छौं।'

# मधेसी राष्ट्रिय मुक्ति मोर्चाको संयोजकमा विरेन्द्रकुमार यादव

बर्दिबास। साउन ३० गते महोत्तरीको बर्दिवासमा भएको एक भेलाले मधेसी राष्ट्रिय मुक्ति मोर्चाको केन्द्रीय संयोजकमा विरेन्द्रकुमार यादवलाई चयन गरेको छ। नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय अध्यक्ष सीपी गजुरेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त भेलाले मोर्चाको सचिवमा जितेन्द्र सिंह महतोलाई चयन गरेको छ भने सदस्यहरूमा रामआश्रय राम, अनिता कुमारी यादव, रामनारायण सिंह, संजय सिंह, भुपेन्द्र यादव, शितल कर्ण, प्रमानन्द साह, सुधिरकुमार मण्डल, सुरेश साह, हरिकोशोर लाल, सियालाल साह, सुदामसिंह क्षेत्री, रामबाबु यादव, रामअशिस ठाकुर, वीर मण्डल चौधरी, किशोरी यादव, विन्देश्वरप्रसाद यादवलगायत रहेका छन्।

भेलामा क्रान्तिकारी माओवादीका पिविएम तथा २ नं. प्रदेश सचिव एवम् मोर्चाका फ्र्याक्सन इन्चार्ज कृष्णदेव सिंह दनुवारलगायतका नेताहरूको उपस्थिति रहेको थियो।

## दलाल...

आदि सबै ठाउँ महिला हिंसाबाट अछुतो रहन नसकेको बताइएको छ। पिछडिएको सामाजिक संस्कृति र आयातित उपभोक्ता संस्कार, विचार र संस्कृतिको अन्तर घुलनले वैचारिक रूपमा नेपाली महिला जीवनमा लगातार प्रहार गरिरहेको कुरामाथि प्रकाश पार्दै राजनीतिक रूपमा महिलाका कुरा, हक तथा अधिकारहरू संस्थागत हुन नसकेका र आर्थिक तथा सामाजिक सांस्कृतिक रूपमा महिलालाई अझैं पनि दोस्रो दर्जाका रूपमा हेरिने गरेको यथार्थतालाई कार्यपत्रमा प्रकाश पारिएको छ।

कार्यपत्र प्रस्तुत भइसकेपछि त्यसमाथि आफ्ना मन्तव्य राख्ने क्रममा पूर्वमन्त्री तथा सांसद रेखा शर्माले वर्तमानमा सापेक्षतामा महिला मैत्री कानुन बनेको तर त्यसलाई सही कार्यान्वयनमा लैजानुपर्ने कुरामा जोड दिएकी थिइन्। त्सै गरी कञ्चनपुर महिला संघर्ष समितिकी अध्यक्ष माया नेगीले कञ्चनपुरकी एक अबोध बालिकाको बलात्कार पश्चात् गरिएको विभत्स हत्याका विरुद्धमा स्थानीयहरू सडकमा हप्तौंसम्म उत्रँदा पनि सरकारले वेवास्ता गरेको दुखेसो आक्रोशपूर्ण तरिकाले पोखेर सबैलाई झस्काएकी थिइन। मन्तव्य राख्ने क्रममा प्रहरी इन्स्पेक्टर कोपिला चुडालले अपराधीको खोजी पनि गरिने र दण्ड पनि दिलाएर छाडिने तर भावनाले भन्दा पनि बढी विवेक र कानुनले चल्नुपर्ने कुरामा जोड दिएकी थिइन्।

त्यसैगरी अधिवक्ता ठाकुर वास्ताकोटीले हालको कानुनले पीडितको भनाइ र स्वास्थ्य परीक्षणलाई प्राथमिक आधार मानिएकाले मिलेमतो र मेलमिलापका नाममा दोषीलाई छूट दिने ठाउँ नै नराखेको बताए। सांसद तथा नेपाली कांग्रेसकी नेता पुष्पा भुसालले वर्तमान राज्यसत्ताको विभेदको डरलाग्दो घटना भनेको महिला हिंसा नै भएको ठाकुवा गरेकी थिइन्। तयसै गरी लक्ष्मी भट्टराईले यति ठूला महिला हिंसाका घटना हुँदा पनि संसदमा संकल्प प्रस्तावसम्म नलगिएको कुराप्रति खेद व्यक्त गर्दै यो वर्गीय कुरासँग पनि जोडिएको बताइन्। बोल्ने क्रममा अर्का वक्ता प्रमिला भण्डारीले हाल घटिरहेका बलात्कार तथा बलात्कारपछि हत्याका घटनाहरू समाज सचेत भएकै कारणले बाहिर आएको बताइन्।

नेकपा (क्रान्तिकारी माओवादी) का नेता सीपी गजुरेलले बलात्कार आफैमा एक जघन्य अपराध हो, त्यसमा पनि अझ हत्या गरिनु त अक्षम्य अपराध भएको भन्दै यो कुा राज्यसत्तासँग प्रत्यक्ष जोडिएको कुरामा जोड दिए। महिला मुक्तिका कुराहरू प्राप्त नहुँदासम्म पुरुषप्रधान समाजमा यस्ता विकृति र विसंगतिहरू रहिरहने भन्दै उनले महिला संघर्षको अभियानलाई मुक्ति संघर्षसँग जोड्नु पर्ने कुरामा जोड दिए।

नेपाल पत्रकार महासंघकी सचिव लक्ष्मी पुनले सामाजिक घरव्यवहारबाटै छोरीलाई दोस्रो दर्जाको नागरिक मानिने भएकाले विभेद त्यहीबाट सुरुहुने बताइन्। वक्ता निभा शाहले प्रश्न गरिन्- महिला आठ हजार वर्षदेखि बलात्कृत हुँदै आए तापनि महिला आफैले महिलाविरुद्ध हुने विभेदको विरोध कति गर्‍यौं ? उनले यदि महिलालाई अझैं पनि यो विभेदमा राखिने हो भने महिलाले के अब पुरुषबाट 'गर्भ कर' लिनुपर्ने हो भनी गम्भीर प्रश्न उठाइन्। सांसद दुर्गा पौडेलले वर्ग रहँदासम्म महिला विभेद रहिरहने भएकाले र वर्गीय लडाइँ दूरगामी रहेकाले हाललाई प्रगतिशील र सुधारका कुराहरूलाई स्थापित र कार्यान्वयन गर्दै जानुपर्ने कुरामा जोड दिइन्।

नेकपा मालेका नेता कुमार बेलबासेले हालको आयातित पुँजीवादले सोंच, चिन्तन र संस्कारमा उपभोक्तावादी बनाएकाले बलात्कारका घटना बढिरहेको कुरामा जोड दिए।

टिप्पणीकर्ता मञ्जु गुरुङले नेपालमा, आफ्नै देशमा, भएका घटनामा ढिलै भए पनि न्यायको पहुँच त छ भन्दै वैदेशिक रोजगारमा गएका महिलाका लागि त त्यो पनि नभएको कुरा खुलस्त गरिन्। उनले सरकारले महिला मैत्री वैदेशिक रोजगारको सम्झौता गरी महिलाको कानुनी पहुँचलाई संबोधन गरिनु पर्ने कुरामा जोड दिइन्। धन्यवाद मन्तव्यका क्रममा महिला नेतृ अम्बिका मुड्भरीले पारिवारिक शिक्षाको महत्वमाथि प्रकाश पार्दै पीडकहरूको सम्पत्तिबाट पीडितहरूका लागि उपचार, भरणपोषण र क्षतिपूर्तिका लागि 'बलात्कृत कोष' स्थापना गर्दा पीडकलाई दण्ड र पीडितलाई उद्दार गर्नसकिने कुरामा जोड दिइन्।

सहभागीका तर्फबाट तिमिला यमी र बन्दना भण्डारीले विद्युतीय सञ्चार र त्यसमा पनि युटुबले बलात्कारको वातावरण तयार पारेको भन्दै अफिस तथा घरानीयाँका घरमा पनि बलात्कारका घटनाहरू घट्ने गरेको बताए।

उक्त अन्तरक्रिया कार्यक्रममा जनक चालिसेको उद्घोषण, मनु हुमागाइँको अध्यक्षता र बन्धु चन्दको स्वागत भाषण रहेको थियो। आयोजित कार्यक्रममा महिला नेताहरू, पार्टीका नेताहरू, अधिकारकर्मीहरू, स्वतन्त्र विश्लेषकहरू तथा सरकारका सम्बन्धित सरोकारवाला तथा विभागहरूका प्रतिनिधिहहरूका साथै नेपाल प्रहरीबाट पनि उपस्थिति रहेको थियो।

## मजदुरका...

छन्। सरकार निकट एमाले, माओवादी केन्द्र र प्रतिपक्षमा कांग्रेसको गरी तीनवटा ट्रेड युनियनहरूको सिण्डिकेट खडा गरेर आम मजदुरमाथि अन्याय गर्दै प्रत्येक मजदुरलाई मासिक १३ हजार मात्र दिने गरी गरिएको सरकारी निर्णय आफैमा गलत छ।

संयुक्त ट्रेड युनियन संघर्ष समितिका अनुसार एक मजदुरको प्रति महिना आधारभूत न्युनतम पारिश्रमिक २२ हजार कायम गरिए मात्र संघर्ष रोकिने छ। यसका लागि सरकारले साउन १५ गते गरेको निर्णय खारेज गरी आफूहरूलाई विना ढिलाई वार्तामा बोलाउनु पर्ने कुरा पनि दोहर्‍याइएको छ। विरोध सभाका वक्ताहरूले यदि सरकारले आम मजदुरका मागहरूलाई बेवास्ता गरेमा सम्बन्धित मन्त्रीको राजीनामाको मागसहित सरकारका विरुद्ध नै संघर्षका कार्यक्रमहरू सोझ्याइने बताएका छन्। वक्ताहरूले हालको सडक संघर्ष सरकार र सिण्डिकेटधारी सरकारी मजदुर संगठनहरूले निम्त्याएको बाध्यता भएको पनि बताइएको छ।

संयुक्त ट्रेड युनियन संघर्ष समितिद्वारा राखिएका मागहरूमा श्रम ऐन लगायात श्रमिकसम्बन्धी कानुनहरूमा देशको संविधान तथा राट्रिय तथा अन्तर र्ष्ट्रिय कानुनहरूको मर्म र भावना विपरीत राखिएको बताइएको छ। र भनिएको छ, यो श्रमिक विरोधी भएकाले यसका श्रम र श्रमिक विरोधी दफाहरू खारेज गरियोस्। पारिश्रमिक २२ हजार तोकियोस र बृद्धि भएको रकम सबै तह र क्षेत्र तथा श्रमिकहरूका लागि २०७५ श्रावण १ गतेदेखि लागु गरियोस्।

होटेल एसोसिएसन र नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी सम्बद्ध तीनवटा टेड युनियनहरूबीच जेष्ठ १२ गते भएको सहमतिको खारेजीको माग गर्दै वक्ताहरूले तात्कालीन सरकार, रोजगारदाता, कांग्रेस तथा हालको कम्युनिस्ट पार्टी समर्थित टेड युनियनहरूले २०६८ सालमा गरेको सहमतिअनुसार सामाजिक सुरक्षाकोषको रकम सहमति गरेको मितिदेखि जम्मा गरियोस् भनी जोडदार माग गरेका छन्।

त्यसैगरी थप मागमा श्रमिकहरूको पञ्जीकरण गर्ने व्यवस्था गरियोस् भन्दै श्रमिकहरूको राजगारी र सुरक्षाको व्यवस्था गरिनुपर्ने कुरा दोहर्‍याएका छन्।

विरोध सभामा राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ, स्वतन्त्र प्रजातान्त्रिक ट्रेड युनियन महासंघ नेपाल, राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ नेपाल, राष्ट्रिय (हाल समाजवादी) लोकतान्त्रिक ट्रेड युनियन महासंघ स्वतन्त्र, मधेशी ट्रेड युनियन महासंघ, नेपाल ट्रेड युनियन महासंघ स्वतन्त्र, राष्ट्रिय कर्मचारी महासंघ नेपाल, अध्यक्ष, नेपाल समाजवादी ट्रेड युनियन महासंघ, नेपाल ट्रेड युनियन फेडेरेशन, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, प्रगतिशील नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघ, अखिल नेपाल ट्रेड युनियन महासंघ, क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपाल, र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका नेता तथा प्रतिनिधिहरूले बोलेका थिए।

## अख्तियारको...

सहसचिव राजेन्द्र कुमार पौडेललाई राखिएको थियो। हाल उक्त कक्षमा अर्को ताला लगाई सदस्य सचिव भट्टको कार्यकक्ष पस्नबाट बञ्चित गराइएको छ। सचिव भट्टले परिषद्मा हाजिर गर्न र कामकाज गर्न नदिएको गुनासो गर्दै भने, "सम्मानित अदालतले गरेको आदेश अनुसार म परिषद्को कार्यालयमा हाजिर हुन र कार्यसम्पादनलाई सुचारु गर्न जाँदा मेरो कार्यकक्षमा तालाबन्दी गरेको पाइयो। परिषद्को प्रशासनलाई बुझ्दा चाबी उपाध्यक्ष निरमणि बडालले लुकाएर राखेको भन्ने पाइयो।" भट्टले भने, "मेरो लागि कुनामा सानो कोठाको व्यवस्था गरेको रहेछ, हाजिरी पुस्तिका पनि लुकाएको पाइयो। नयाँ रजिष्टर खडा गरी तारिखे शैलीमा हाजिरी गरेको छु। अदालतको अवहेलना गर्नेहरू एकदिन अदालत र अख्तियारमा उभिनै पर्छ।"

भट्ट अदालतको आदेशपछि बिहीबार परिषद् पुगेका थिए। परिषद्का उपाध्यक्षलगायतले भट्टलाई कार्यकक्ष प्रवेशमा अवरोध खडा गराएपछि बिहीबार र शुक्रबार नयाँ रजिष्टरमा हाजिर गरेर फर्किएका छन्। परिषद्मा भएको भ्रष्टचारमाथि छानविनको लागि भन्दै भट्टलाई मन्त्रालयले पदबाट हटाई मन्त्रालयमा हाजिर हुन पत्र काटेपछि मन्त्रालयकै सहसचिव राजेन्द्र पौडेललाई सदस्य सचिवको रूपमा काम गर्ने गरी परिषद्मा पठाइएको थियो। सर्वोच्च अदालतले नियमावली, २०७४ को नियम ४९ (२) बमोजि २०७७ जेठ १७ गतेसम्म कार्यकाल रहेकोले भट्टलाई सदस्य सचिवको रूपमा काम गर्नु गराउन आदेश दिएपछि पौडेल मन्त्रालयमै फर्किएका छन्। तर परिषद् स्रोतका अनुसार कर्मचारी सरुवा बढुवा, नियुक्ति र अनावश्यक प्रलोभन देखाई सदस्य सचिव भट्टलाई काम गर्न नदिने वातावरण बनाउनेमा पौडेलले मुख्य भूमिका खेलिरहेका छन्। र, परिषद्का प्रशासन प्रमुख हरि तिवारीले समेत परिषद्का सबै विभागलाई ऐन नियम विपरीत कामकाज नरोक्न निर्देशन दिएर अदालतको अवहेलना गरेको पाइएको छ। तर सदस्य सचिवको रूपमा भट्टलाई काम गर्न नदिंदा समाज कल्याण परिषद्को काम अहिले ठप्प हुन पुगेकोले सेवाग्राहीहरू नराम्ररी प्रभावित बन्न पुगेका छन्।

परिषद्मा भएको भ्रष्टाचारको विषयमा सोधिएको प्रश्नमा भट्ट भन्छन्, "अनियमिता भएको हुन सक्छ। तर त्यसमा सदस्य सचिव मात्र नभएर उपाध्यक्ष, कोषाध्यक्ष र अन्य पदाधिकारीको पनि उतिकै हात हुन्छ। छानविन गर्ने हो भने सिंगो कार्यसमितिमाथि हुनुपर्छ। त्यसका लागि आयोग बनेको छ। आयोगले निष्पक्ष रूपमा छानविन गरोस्।" यस विषयमा उपाध्यक्ष बरालसँग सम्पर्क गर्न खोज्दा सम्पर्क हुन सकेन।

**भट्टका विरुद्ध किन लाग्यो सिंगो राज्य ?**

पछिल्ला दिनमा सामजकल्याण परिषद् पटक पटक विवादमा तानिएको छ। स्रोतको अपारदर्शिता, त्यसको स्वार्थपूर्ण परिचालन र बढ्दो अनियमिताका कारण नै परिषद् विवादमा तानिने गरेको हो। र, स्वायत्त निकायमाथि ऐनविपरीत मन्त्रालयबाट पनि श्रृङ्खलावद्ध रूपमा यसअघि पनि पटक पटक हस्तक्षेप हुने गरेको र त्यसका विरुद्धमा अदालतले आदेश जारी गरेको पृष्ठभूमिमा पनि परिषद्माथि मन्त्रालयबाट हस्तक्षेप हुने क्रम रोखिएको छैन। यसले सरकारको स्वेच्छाचारी प्रवृत्तिलाई उजागर गरेको छ।

पछिल्लो पटक परिषद्को एक शुभचिन्तक भन्दै रोहनको नाममा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालमा परिषद्मा आर्थिक अनियमितता भएको भन्दै एक उजुरी पर्‍यो। जेठ २५ गते परेको उक्त उजुरीको दर्ता नं. १९६४० रहेको छ। उक्त उजुरीमा 'समाजकल्याण परिषद्ले संघ संस्थालाई अनुदान दिन करोडौ रकम छुट्याएको र उक्त रकममा परिषद्की अध्यक्ष तथा समाज कल्याण तथा बालबालिका मन्त्री थममाया थापा, उपाध्यक्ष निलमणि बराल, कोषाध्यक्ष वीरबहादुर ठगुन्नालगायतले कर्मचारीसँग समेत मिलेमतो गरी भ्रष्टाचार गर्न लागेको र त्यसका लागि २०७५ बैशाख ६ गतेको आन्तरिक पत्र र सोही मितिको मापदण्ड बनाई केही आफन्त र संस्थासँग मिलेमतो गरेको' उल्लेख छ।

सोही उजुरीमा परिषद्कै ऐन अनुसार पनि यसरी अनुदान दिइने रकम राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी पारदर्शी रूपमा गरिनु पर्नेमा सीमित संस्थाहरूलाई मात्र जानकारी हुने गरी परिषद्कै वेवसाइटमा मात्र १५ दिनको लागि सूचना प्रकाशित गरेको, अधिकांश संस्थाहरू सूचनाबाट बञ्चित रहेको र जारी सूचना र बनाइएको मापदण्डमा सदस्य सचिवबाट प्रमाणित नगराइएको र सचिवलाई वाइपास गरी उक्त रकम अनियमितता हुन लागेकोले छानविन गरी दोषीलाई हदैसम्मको कारबाहीको माग गरिएको थियो।

समाचार स्रोतका अनुसार परिषद्का कोषाध्यक्ष वीरबहादुर ठगुन्नाको संयोजकत्वमा इन्द्रकुमार झा, शिवकुमार बस्नेत, भगवती संग्रौला र रामराज भट्टराई सदस्य रहेको संघसंस्था अनुदान सहयोग उपलब्ध गराउने सम्बन्धी कार्य सम्पन्न प्रतिवेदन उपसमिति बनाइएको थियो। समितिको प्रतिवेदन पनि सदस्य सचिव भट्टबाट प्रमाणित छैन। यस विषयमा भट्टसँग बुझ्दा अनुदान रकम बाँडिएका संघसंस्थाबारे आफू जानकार नभएको बताए। तर आफन्त र निकटका ३३ वटा संस्थाहरूलाई ९९ लाख ७५ हजार अनुदान रकम मिलेमतो गरी बाँडिसकिएको छ। समाचार स्रोतको दावी अनुसार यसै विषयमा अख्तियारले मन्त्रालयका नाममा पत्र पठाएपछि छानविनको नाममा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले मन्त्रीपरिषद्मा भट्टका विरुद्ध झुठो प्रस्ताव लगेको र मन्त्रीस्तरीय निर्णय अनुसार सदस्य सचिवबाट हटाई मन्त्रालयमा हाजीरीका लागि २०७५ साउन २१ मा पत्र काटेको थियो। तर भट्टले भने साउन २३ मा सर्वोच्च अदातलले परिषद्को सदस्य सचिवको चार वर्षे कार्यकालका सम्बन्धमा विगतमा गरेका फैसलाको नजिरहरू उल्लेख गर्दै मन्त्रालयमा हाजिर हुन गए अदालतको अवहेलना हुने व्यहोराको जवाफी पत्र लेखी मन्त्रालयमा पठाए। मन्त्रालयले पुनः 'स्पष्टीकरणसहित हाजिर हुने सम्बन्धमा' भन्दै भट्टका नाममा साउन २४ गते अर्को पत्र काट्यो। सोही पत्रमा समाज कल्याण परिषद्लाई बोधार्थ पठाउँदै 'निज भट्टलाई जिम्मेवारीबाट अलग गरी आजैका मितिदेखि हाजिर हुन पठाइदिनु हुन' भनी उल्लेख गरेको थियो। भट्टले पुनः 'हाजीर हुन आउन निमल्ने बारे' भन्दै परिषद्को ऐन २०४९ र जाँचबुझ आयोग ऐन २०२६ अनुसार मन्त्रालय र मन्त्री परिषद्लाई परिषद्का सदस्य सचिवलाई मन्त्रालयमा हाजिर गराउन पाउने कुनै कानुनी व्यवस्था नरहेको भन्दै साउन २५ मा मन्त्रालयमा हाजिर हुन जाँदा कानुन विपरीत हुने व्यहोराको दोस्रो जवाफी पत्र मन्त्रालय पठाए। त्यसपछि मन्त्रालय र भट्टबीच तनाव बढ्न थालेपछि भट्टले २८ साउनमा सार्वोच्च अदालतमा नेपालको संविधानको धारा ४६ र १३३ (२)(३) बमोजिम उत्प्रेषणको आदेश वा अन्य जो चाहिने आज्ञा आदेश वा पुर्जि जारी गरी पाउँ भनी मुद्दा दर्ता गराए। सर्वोच्च अदालतका न्यायधिश केदारप्रसाद चालिसेको एकल इजलासले साउन २९ गते भट्टलाई सदस्य सचिवको पदमा यथावत कार्य गर्न दिनु भनी फैसाला गर्‍यो। नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारलाई समेत विपक्षी बनाई जारी गरिएको आदेशको अख्तियारको दुरूपयोग गरेको आरोप समेत व्यहोरिरहेका परिषद्का पदाधिकारी तथा केही कर्मचारीहरूले नै अवहेलना गरिरहँदा र परिषद्भित्रको अनियमितता र दण्डहिनताको विषयमा सरकारले कस्तो कदम चाल्ने हो त्यसका लागि केही दिन कुर्नुपर्ने देखिन्छ।

## जनतामा...

तालमेल मिलाउन, महंगी नियन्त्रण गर्न, बेरोजगारीहरूलाई रोजगारी र बेरोजगार भत्ता दिन, महिलाहरूमाथि हुँदै आएका हत्या, हिंसा तथा बलात्कारका जघन्य अपराध रोक्न तथा दोषीहरूकाथि कडा सजाय दिन, मजदुरहरूको बेतन वृद्धि तथा उनीहरूका मागलाई सम्बोधन गर्न सरकारसित विशेष माग गर्दछ। साथै, उक्त विषयहरूलाई लिई आन्दोलन संगठित गर्नका लागि हाम्रो पार्टी देशभक्त, जनवादी तथा वामपन्थीहरूसित विशेष अनुरोध गर्दछ।"

ओली सरकारले खोला तर्दा पनि जनतालाई कर २५ रूपैयाँ, कर उठाउन घाट घाटमा ठेकेदार, प्रति साइकल १५ रूपैयाँ, प्रति मोटरसाइकल ३० रूपैयाँ, चौपायाको १५ रूपैयाँ, सामान प्रतिबोराको १५ रूपैयाँ, चटपटे बेच्नेलाई दैनिक कर २० रूपैयाँ, आफ्नै बारीको रुख काट्नेलाई कर २०० रूपैयाँ, कुखुराको अण्डामा प्रतिगोटा १ रूपौयाँ, कुखुरा प्रतिगोटा २० रूपैयाँ, क्यारिमबोर्ड खेलाउनेलाई बार्षिक कर १,००० रूपैयाँ, मकै पोलेर बेच्नेलाई प्रतिदिन कर ४५ रूपैयाँ, भैसी बेच्नेलाई १,००० रूपैयाँ, गरिब भएको प्रमाण लिन २५ रूपैयाँ, बेपत्ता भएको नागरिक घर फर्केको कर ५०० रूपैयाँ, मेहन्दी लगाउनेलाई दैनिक १० रूपैयाँ, नागरिकता सिफारिस गरेको २,००० रूपैयाँ, विद्यार्थीलाई फोहर कर मासिक २५ रूपैयाँ, डोकोमा राखेर साग बेच्न बजार पुगेका किसानलाई दैनिक ३५ रूपैयाँ, जन्म, विवाह र मृत्यु कर २,००० रूपैयाँ, सम्पत्ति करमा वृद्धि २,५०० प्रतिशत, घरको तलाअनुसार प्रतितला कर ८,००० रूपैयाँ। आदि समाचारका शीर्षक बनिरहेका छन्। यसरी अत्यधिक करवृद्धिले यतिखेर जनतामा एउटा आतंक नै सिर्जना गरेको छ।

क्रान्तिकारी माओवादीका पिविएम सीताराम तामाङ आफ्नो लेखमा लेख्छन्, " अहिले केन्द्र, प्रदेश र स्थानीय सरकारहरूले कर लगाउन नपर्ने व्यक्ति र क्षेत्रमा कर थोपरेका छन् र कर लगाउँदा दोहोरो-तेहरो करभार जनतामाथि थोपरिएको छ। त्यतिमात्र नभएर करको दर विगतको तुलनामा कैयौं गुणा अत्यधिक रहेको छ। उदाहरणका लागि गत आवमा रु १०।- मा काम हुने जन्म, मृत्यु, विवाह दर्ता र नागरिकताको सिफारिशलाई अहिले रु २,०००।- सम्म कर लिइएको छ। बाटो छेउमा बसेर मकै पोल्ने, चटपटे बेच्ने, मेहन्दी लगाउने, डोकोमा बोकेर साग बेच्ने, गरीब भएको प्रमाणपत्र लिने आदिलाई समेत छोडिएको छैन।"

उहाँ अगाडि लेख्नुहुन्छ, "तसर्थ, नेकपा (क्रान्तिकारी माओवादी) सरकारले ल्याएको यो आम नागरिकमारा कर नीतिको, यो दलाल सरकारको, यो पश्चगामी संविधानको विरोध गर्दछ र जनताको जनवादी शासन ल्याउन नयाँ जनवादी क्रान्तिको तयारीमा साथ दिन न्यायप्रेमी र क्रान्तिकारी जनतालाई अपील गर्दछ।"

## क.रामवृक्षको...

विरुद्ध वर्गसंघर्ष विकसित गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्दै आएका उहाँमाथि आफूलाई प्रजातन्त्रवादी बताउने सामन्तवर्गका लठैतहरूले सशस्त्र रूपमा आक्रमण गरी निर्ममतापूर्वक हत्या गरेका थिए। महान जनयुद्धको पहल गर्ने तयारी भइरकेको बेला उहाँको सहादत भएको थियो। यसप्रकारको सहादतले एकातिर महान जनयुद्धको तयारीको प्रक्रियामा ठूलो क्षति भएको थियो भने अर्कोतिर जनयुद्धका निम्ति न्यायो उर्जा प्रदान गरेको थियो। आज हाम्रो पार्टी क. रामवृक्ष यादवको संस्मरण तथा सम्मानमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ र क्रान्तिका निम्ति उहाँले देखाएको त्याग तथा बलिदानको बाटोमा निरन्तर लागिरहने प्रतिबद्धता समेत जाहेर गर्दछ।"

## दोरम्बाका...

श्रेष्ठले यस्तो विचार व्यक्त गरेका हुन्।

महान जनयुद्धमाथि गद्दारी गर्दै तत्कालीन रूपमा प्रतिक्रियावादी करार गरिएको एमालेमा जनयुद्धबाट आएको पार्टीलाई समेत विलय गराएका पुष्पकमल दाहाल प्रचण्डलाई दोरम्बालगायत जनयुद्धका सहिदहरूको नाम लिने अधिकार नभएको नेता श्रेष्ठको तर्क थियो। नेता श्रेष्ठले भने, "जनयुद्ध र जनयुद्धले अगाडि सारेका एजेण्डासँग सम्बन्ध विच्छेद् गरिसकेका प्रचण्डले जनयुद्ध र जनयुद्धका महान सहिदहरूको नाम लिने नैतिक अधिकार समेत गुमाइसकेका छन्।" दोरम्बाको स्मृति दिवसकै सन्दर्भ पारेर सत्तारुढ पार्टीले आयोजना गरेको कार्यक्रममा सम्बोधन गर्न पुगेका प्रचण्डतर्फ लक्षित गर्दै नेता श्रेष्ठले भने, "प्रचण्ड आउँदैछन् भन्ने बुझिएको छ, गोहीको आँशु चहाउन नआउँदा हुन्छ। उनी जनता, देश र सहिद, वेपत्ता परिवार तथा घाइते अपाङ्गका गद्दार नै हुन्।"

सिरहाको गोलबजारमा पार्टीका जिल्ला सेक्रेटरी संजय सिंहको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि जितेन्द्र सिंह, रामनारायण सिंह र हिराबहादुरले मन्तव्य राखेका थिए।

कार्यक्रमको प्रमुख अतिथिको आशनबाट नेता श्रेष्ठले तत्कालीन रूपमा राज्यपक्षसँग दाङको हापुरेमा वार्ता चलिरहेको अवस्थामा वार्ता भंग हुने स्थितिको बारेमा तत्कालीन व्यूरो इन्चार्जले समयमै सतर्क गराएको भए दोरम्बा हत्याकाण्ड हुनबाट बचाउन सकिने स्थिति रहेको पनि बताए।

पार्टीका रामेछाप सेक्रेटरी लाङ्घालीको अध्यक्षता तथा सञ्चालनमा सम्पन्न भएको उक्त कार्यक्रममा सहिद परिवारहरूको तर्फबाट बोल्दै सहिद ठूलोराम तामङकी श्रीमति मेन्दु तामाङले सहिदका सपनामा धोका नदिन आग्रह गरिन्। पार्टी केन्द्रीय सदस्य तथा रामेछाप इन्चार्ज गगन, केशव ढलकोटी संकल्प र स्वरूपसिंह मोक्तानलगायतका नेताहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा सहिद परिवारहरू सहिद सानुरामकी श्रीमती माया तामाङ, सहिद लक्ष्मन तामाङकी श्रीमती काइली तमाङ, सहिद युवराज मोक्तानको छोरा अमर मोक्तान, सहिद विष्णु मगरको दाई डम्बर मगर, सहिद चतुरमान थामीको छोरा भक्त थामी, सहिद बुद्धिमान तामाङको छोरा ज्ञानबहादुर तामाङलगायतको उपस्थिति रहेको थियो।

तत्कालीन नेकपा (माओवादी) र सरकार पक्षको बीचमा दाङको हापुरेमा वार्ता चल्दै गर्दा रामेछापको एरिया कमिटिको बैठक दोरम्बाका एक स्थानीय युवराज मोक्तानको घरमा बसिरहेको अवस्थामा तत्कालीन शाही नेपाली सेनाले घेरा हाली २१ जनालाई कब्जामा लिएर निर्ममतापूर्वक यातनापश्चात १ घण्टाको पैदल यात्रापछि आउने डाँडाकटेरी भन्ने ठाउँमा तत्कालीन रापेछापका जनसरकार प्रमुख बाबुराम लामा, अम्बिका दाहाल 'ललिका', प्रदीप दोङ 'रक्तिम', उमा कार्की 'सहारा', ठूलोराम तामाङ 'छोप्पा', युवराज मोक्तान, लिला मोक्तान, चतुरमान थामी, सोमई थामी 'संगिता', टेकबहादुर थापामगर 'विवेक', विष्णु थापामगर 'विमा', श्याम तामाङ 'इन्क्लाव', हर्क घिसिङ 'यथार्थ', रवि चौहान 'समिर', उषा, हर्कलक्ष्मी राई 'विमला', लक्ष्मुन तामाङ र जमिन लगायत २१ जनाको कायरतापूर्वक गोली हानी हत्या गरेको थियो।

# इसाई धर्म गुरुहरू नै कुख्यात बलात्कारी

काठमाडौं । विश्वमा धर्मको नाममा महिला तथा बालबालिकाहरू माथि यौन शोषण गर्ने कुख्यात बलात्कारीहरूमा ईसाई पादरीहरू पहिलो पङ्क्तिमा रहेका छन् । बलात्कारको अनुपात क्रिस्चियन देशहरू अमेरिका, बेलायतदेखि युरोपियन युनियनसम्म रहेका छन् । यसपछिको पंक्तिमा क्रिष्चियन प्रभुत्व रहेका देशहरू पर्दछन् । तेस्रो पंक्तिमा क्रिष्चियन धर्मको पछिल्लो चरणमा प्रचारहुँदै गरेका र अधिकांश मुस्लिम देशहरू पर्दछन् ।

विश्वभर क्रिष्चियन धर्मद्धारा हिन्दु, बौद्ध, मुश्लिम तथा प्राकृतिक धर्महरूमाथि बढ्दो अतिक्रमणसँगै पादरीहरू स्वेच्छाचारी बन्दै गएका हुन् । पुँजीवादको साम्राज्यवादमा विस्तार भएसँगै ईसाई पादरीहरूले परम्परागत नैतिक धर्म आत्मिक रूपमा परित्याग गरिसकेका देखिन्छन् । पुँजीको विकास र विस्तारसँगै मुनाफा कमाउने ऐश आराम गर्ने विलाशितामा रम्ने र स्वेच्छाचारितापूर्वक मनोविनोदका कामहरू गर्ने यी पादरीहरूका नैतिक विशेषताहरू बन्न गए ।

धर्मको छाता ओढेर समाजलाई नैतिकताको ढोंग देखाउँदै यौन व्यभिचारमा निर्लिप्त हुँदै गए । सुरुसुरुमा यिनीहरूको यो पाखण्डलाई पादरीहरू, पुँजीवादी साम्राज्यवादी शासकहरू र तिनका अदालतहरूले ढाकछोप गरिरहे । यी सबै विश्वभर अशिक्षित मानिसहरूलाई शिक्षित र सभ्य बनाउने अभियानमा लागेका ईसाई साम्राज्यका प्रचारक तथा खम्बाका रूपमा आदर्शीकरण गरिएकाले बच्दै बचाउदै गरिएका थिए ।

तर जब विश्व मानव समुदायमा ईसाई र गैरईसाईको बीचमा खडा गरिएको विभेदको पर्खाल पुँजीवादी मानवतावादले हटाउँदै लैजान थाल्यो, तब ईसाई पादरीहरूकौ अनैतिक र यौनजन्य हिंसामा खडा भएका पाखण्डहरू स्वयंम् ईसाई समाजले बाहिर ल्याउन थाल्यो ।

विश्वको न.१ प्रजातान्त्रिक देश र विश्वमा ईसाई धर्म प्रचारको मुख्य ठेकेदार अमेरिकाभित्रै मानिसहरूले कल्पना नगरेका ईसाई पादरीहरूका यौन कुकृतिहरू सतहमा आए । पछिल्लो पटक खुलस्त भएको घटनाअनुसार अमेरिकाको पेन्सिलभेनियास्थित क्याथोलिक चर्चहरूमा रहेका तीन सयभन्दा बढी धर्म गुरुहरूबाट एकहजार भन्दा बढी बालबालिका तथा



महिला यौन हिंसाका सिकार भएका विवरणहरू तथ्यसहित बाहिर आए । यौन हिंसामा परेका अधिकांश बालबालिकाहरू दश वर्ष भन्दा मुनिका छन् ।

पेन्सिलभेनियाको ग्राण्ड जुरी नाम गरेको अनुसन्धान समितिले त्यहाँस्थित पादरीहरूले उक्त घटनालाई ढाकछोप गर्न प्रयास गरिरहेको र अन्य हजारौं यौन हिंसाका घटनाहरू पीडितहरूले नै जानकारीमा ल्याउन नचाहेको डरलाग्दो चित्र खुलस्त गरेको छ ।

सन् २००२ मा गिरजा घरहरूमा निकै ठूलो सुधार ल्याइएको बहुरंगी प्रचारपछिको छ वर्षभित्रै संसारका मानवजातिलाई आतंकित पार्ने गरी अमेरिका भित्रैबाट यस्ता डरलाग्दा घटनाहरू सार्वजनिक हुन पुगेको हो । यौन हिंसामा मुछिएका त्यस्ता पादरीहरूलाई तिनका पदहरूबाट हटाई कडा कारबाही गरिने व्यवस्था गरिएको भनी ढोंग देखाउने अमेरिकी प्रशासनले यी तीन सय पादरीहरूलाई कारबाही गरेको सार्वजनिक गरेको छैन । बरु प्रसाशनले विश्वमा अमेरिकी पादरीहरूको बेइजज्त हुन्छ भनेर त्यसलाई ढाकछोप गर्नतिर लाग्यो । हाल उनीहरूलाई मुद्दा चलाउन आवश्यक पर्ने समयसीमा कटिसकेकाले मुद्दा चलाउन नसकिने भनी छाडा छोडिदिएको छ । पेन्सिलभेनिया भन्ने राज्यमा रहेका यस्ता गिर्जाघरहरूमा मुख्य गरी एलएनटाउन, एरि, ग्रिन्सवर्ग, ह्यारिसवर्ग, पिटर्सवर्ग, स्क्रान्टन आदि रहेका छन् ।

हाल सम्म यस्ता यौन र्दुव्यवहारका घटनाहरूलाई लिएर दर्जनौपटक ग्राण्ड जुरीले अनुसनधान गरेको गर्‍यै छ । पादरीहरूले बालबालिकाहरू माथि यौनदुराचार गरेको गर्‍यै छन् र अदालतले यौन दुराचारी पादरीहरूलाई कारवाही गर्नुको सट्टा हरेक पटक उन्मुक्ति दिएको दियै छ ।

त्यसैगरी अरु धर्महरू भएका देशहरूमा ती धर्ममाथि अतिक्रमणका लागि पसेका इसाई पादरीहरूले निकै वितण्डा मच्चाएका छन् । धर्म प्रचारपछि यिनीहरूले सोमालिया र सुडान जस्ता देशमा जनताबीच विभाजन ल्याएर देशहरू नै विभक्त गरिदिएका छन् । यिनीहरू अरु देशहरूमा पद, प्रतिस्ठा र मोजमस्तीका लागि गएका हुन्छन् । त्यहाँ पनि यिनीहरूले यौनजन्य हिंसाका अनगिन्ति घटनाहरू घटाइरहेका छन् ।

पछिल्लो पटक टर्कीले यस्ता कुख्यात पादरीहरूलाई नजर बन्दमा राखिदिएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले उनीहरूको रिहाइको माग गरेर टर्कीमाथि नाकाबन्दी पनि लगाएका छन् । तर टर्की यसका लागि तयार छैन ।


# मिन्डानाओमा शहीदहरूप्रति सम्मान र श्रद्धाञ्जली



काठमाडौं । अगस्त ९ तारेखमा पूर्वोत्तर मिन्डानाओमा शहीद दिवस मनाइएको छ । क्रान्तिका महान् शहीदहरूप्रति हार्दिक सम्मानका साथ सलामी अर्पण पनि गरिएको छ । यस अवसरमा फ्रांक का मिगो लाई सबैभन्दा बढी स्मरण गरिएको छ । उनले आफ्नो पुजारी जीवन छाडेर देश र जनताका लागि न्यु पिपल्स आर्मीमा भर्ती भई क्रान्तिमा जीवन अर्पण गरेका थिए ।

पछिल्ला ६ महिनाहरूमा सहादत प्राप्त गरेकाहरूको नाम उच्चारण गरेरै यो श्रदाञ्जली अर्पण गरिएको थियो । सन् २०१८ मा नै सहादत प्रापत गर्नेहरूमा ७ जना भन्दा बढी शहीदहरू थिए । शहीदहरू संझना र सम्मानमा आयोजित उक्त कार्यक्रममा बक्ताहरूले स्वदेशी उत्पीडक र शोषकका साथै विदेशी साम्राज्यवादीहरूबाट फिलिपिनी जनतालाई मुक्ति दिलाउन वीर शहीदहरूले आफ्नो जीवन बलिदान गरेको बताएका थिए । यसका साथै आन्दोलन र युद्धमा आफूहरूको प्रतिवद्धता सधैं रहिरहने र शहीदहरूले देखाएको बाटोमा लागि रहने पनि बताएका थिए ।

# राष्ट्रसंघका पूर्वमहासचिव अन्नानको निधन



जेनेभा । राष्ट्रसंघका पूर्वमहासचिव तथा नोबेल पुरस्कार विजेता कोफी अन्नानको शनिबार बिहान निधन भएको छ । उनी ८० वर्षका हुन् । घानामा जन्मिएका अन्नान पछिल्लो समय स्वीट्जरल्याण्डमा बसोबास गर्दै आएका थिए । अन्नानले सन् ११९७ देखि २००६ सम्म राष्ट्रसंघको प्रमुखका रूपमा दुई कार्यकाललाई सफलतापूर्वक पूरा गरेका थिए । संयुक्त राष्ट्रसंघका भूतपूर्व महासचिव कोफी अन्नानको स्वीट्जरल्याण्डको एक अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।

राष्ट्रसंघका पूर्व महासचिव अन्नानको निधनबारे उनको परिवारले पुष्टि गर्दै भनेको छ, 'अन्नानले विश्वव्यापी राजनेताको छवि बनाएर आफ्नो देहत्याग गर्नुभएको छ ।'

उनले जीवनभर मानव समानता तथा शान्तिपूर्ण विश्वका लागि कटिबद्ध रहेर मृत्युपर्यन्त काम गरेका थिए । संयुक्त राष्ट्रसंघको सबैभन्दा उच्च पदमा पुग्ने अन्नान पहिलो अश्वेत अफ्रिकी नागरिक हुन् । सन् २००१ मा अन्नानलाई नोबेल शान्ति पुरस्कार दिइएको थियो ।

अन्नान पछिल्ला दिनहरूमा श्रीमती नेन र तीन सन्तान अमा, काजो र नीनासहित स्वीट्जरल्याण्डमा बस्दै आएका थिए ।

पूर्वमहासचिव अनानको मृत्युको खबरले आफूहरूलाई स्तब्ध बनाएको शोक सन्देशहरू विश्वभरबाट प्राप्त भइरहेको उनको संस्थाले जनाइएको छ ।

# 'राज्यको निर्देशनमा क.उमार खालिदमाथि आक्रमण'

काठमाडौं । जवाहरलाल नेहरू विश्वविद्यालयमा क. उमार खालिद माथि भएको आक्रमण भारतीय हिन्दू फासीवादी तथा हिन्दुत्वको विरोध गर्ने प्रजातान्त्रिक आवाजमाथि भएको राज्य निर्देशित क्रुर आक्रमण भएको समाजवादी विद्यार्थी युनियन मणिपुरले जनाएको छ । स्वयम् उमार पनि यस्ताखाले कायरतापूर्ण आक्रमणको विरोध र सत्य तथा न्यायको पक्षमा रहेको उसले जनाएको छ ।

क. उमार खालिद भगतसिंहअम्बेडकरले आयोजना गरेको एक कार्यत्रक्रममा सहभागी हुन जाँदा उक्त आत्रक्रमण गरिएको थियो । हिन्दुवादी दल विजेपी सत्तामा आएपछिका अतिवादी क्रियाकलापहरूको विरोधमा हुन लागेको कार्यक्रममा भाग लिन जाँदा यो आक्रमण भएको थियो ।

क्लबमा पुगेर चिया खाँदै गर्दा उनलाई पछाडिबाट आक्रमण गरिएको थियो । तर आक्रमण हुनै लाग्दा उनका सहयोगीहरूले बन्दुक ताकेर आइरहेको मानिसलाई धकेलेर पछाडि फालिदिए । तर उसले फेरि प्रयास गरी अघि बढ्न लाग्दा शरिक हुसैन र बानोज्यात्स्ना लाहिरीले उसलाई लखेट्न थाले । बन्दुक लिएको मानिसले ताकेर शरिकलाई हान्यो, तर भाग्यवस उनलाई यो गोली लागेन । त्यसपछि त्यो बन्दुक बाटामै छाडेर ऊ त्यहाँबाट भाग्यो ।

यो आक्रमणभन्दा पछाडि रवि पुजारी भन्ने एक कुख्यात गुण्डा नाइकेले उमारलाई मार्ने धम्की दिएको थियो । सरकार र सरकारी मानिसहरूले पनि ती गुण्डाहरूलाई प्रोत्साहित गरिरहेका छन् । तर खालिदको जोखिममा रहेको ज्यानको रक्षाको जिम्मा लिएको छैन । अहिले भारतभर हिन्दु फासिज्मको चकचकी चलिरहेको छ ।

## स्वतन्त्रता दिवसका दिन

# भाकपा (माओवादी) ले कालो झण्डा गाड्यो

काठमाडौं । भारतीय स्वतन्त्रता दिवसका दिन गडचिरोली स्थित आरेवाडा पञ्चायत घरमा भाकपा (माओवादी)का छापामारहरूले काला झण्डाहरू गाडिदिएका छन् । गडचिरोली महाराष्ट्र राज्यअन्तर्गतको एउटा जिल्ला हो । आरेवाडा पञ्चायत गडचिरोली जिल्लाको सदरमुकामदेखि १८० किलोमिटर टाढा पर्दछ ।

जानकारी अनुसार गाउँलेहरूले स्वतन्त्रता दिवसको विहानै गाउँमा र त्यहाँको पञ्चायत घरमा यत्रतत्र काला झण्डाहरू देखेका थिए । यी काला झण्डाहरूमध्ये सबैभन्दा ठूलो झण्डा पञ्चायत घरमा गाडिएको थियो । झण्डा गाडेको खबर बेलैमा पाएपनि सरकारी कर्मचारी तथा प्रहरी र सेनाहरू त्यहाँ जान मानेका थिएनन् ।

सेनाप्रहरीका अनुसार यो ठाउँ माओवादी प्रभावित ठाउँ हो । त्यहाँ न त लामो समय मुकाम राखेर बस्न सकिन्छ, न त त्यहाँका जनताको विश्वास नै गर्न सकिन्छ । उनीहरू माओवादीको प्रभाव विस्तारै मुम्बइतिर सर्दै जान थालेको र महाराष्ट्र नै यसको प्रभावमुनि पर्न थालेको बताएका छन् ।

भारतीय सरकारी जानकारीअनुसार यो क्षेत्र नक्सलवादीको कर्वाहीको इलाकाभित्र पर्दछ । त्यहाँ जान र सुरक्षा दिन पनि कठिनाइ छ, नक्सलवादीको एक्सनमा पर्ने संभावना बढी रहन्छ । पुलिसहरूका अुसार सबैभन्दा बढी डर एम्बुशको नै हुन्छ ।

बरु भारतीय सेना र पुलिसहरूले स्थानीयहरूलाई ती काला झण्डाहरू झिकेर फाल्न र सरकारलाई सहयोग पुर्‍याउन आग्रह गरेका थिए । तर ती काला झण्डाहरू अझैं झिकिएका छैनन् । पुलिस तथा सेनाहरूले स्थानीयहरूसँग सञ्चार सेटहरूले राम्रो काम गर्न नसकेकाले यो घटनाबारे थाह हुन नसकेको बताएका छन् ।

गाउँले जनताहरूले झण्डा मात्र नभएर ठूलाठूला ब्यानरहरू पनि टाँगिएका बताएपछि सेना तथा प्रहरीहरू अझै त्रसित बनेको बताइएको छ । पुलिसका अनुसार माओवादीहरूले वास्तविक स्वतन्त्रता हुँदै नभएको र देशीय विस्तारवादी सामन्तवादीहरूको शोषणबाट मुक्ति नपाउँदासम्म स्वतन्त्रता नहुने बताएका भनी निकै त्रसित हुने गरेको बताइएको छ ।

ब्यानरमा भारतीय 'फासीवादी' तथा 'ब्राह्मणवादी' राज्य सत्ताका विरुद्ध लड्न जनतालाई आह्वान गरिएको थियो ।

# दिल्लीको नोयडामा प्रथम नगर सम्मेलन सम्पन्न

नयाँ दिल्ली । नेपाली एकता समाज, भारतको दिल्ली राज्यसमिति अन्तर्गत नोयडा नगर समितिको प्रथम सम्मेलन अगस्त १५ मा सम्पन्न भएको छ । सम्मेलनले अध्यक्षमा धर्मराज विक, उपाध्यक्ष द्वयमा रेश्मा शर्मा र राजेश, सचिवमा रुकवीर स्याङ्गजाली, सह-सचिवमा आरजे लामिछाने र कोषाध्यक्षमा भोमा कंडेलसहित २१ सदस्यीय नोयडा नगर समिति निर्वाचित गरेको छ ।

धर्मराज वि.क.को अध्यक्षतामा सम्पन्न उक्त सम्मेलनको सञ्चालन रुकवीर स्याङ्गजालीले गरेका थिए भने सम्मेलनमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका सचिव परि थापा, वामपन्थी नेता ईन्द्रमोहन सिग्देल, नेपाली एकता समाज भारतका नेताहरू र सामना सांस्कृतिक परिवारका कलाकारहरूको उपस्थिति रहेको थियो ।



सम्मेलनमा प्रवासी नेपाली जनसमाज भारतका राज्य सदस्य रमेश थापा र प्रवसी नेपाली संघ भारतका नोयडा नगर समितिका अध्यक्ष राजेश कुमारले आ-आफ्नो पुरानो संगठन त्यागी नेपाली एकता समाज भारतमा प्रवेश गरेका थिए । नव प्रवेशीहरूलाई सम्मेलनका प्रमुख अतिथि परि थापा र विशेष अतिथि ईन्द्रमोहन सिग्देलले टीका लगाई स्वागत गरेका थिए ।

# शहीद रामवृक्ष यादव मेरो स्मृतिमा जिउँदै हुनुहुन्छ

***आज शहीद रामबृक्ष यादवको स्मृति दिवस। कसरी स्मरण गरिरहनुभएको छ उहाँलाई ?***

शहीद कमरेड रामबृक्ष यादवको स्मृति दिवस भव्य रूपमा हाम्रो पार्टीले मानाउनु पर्दथ्यो । तथापि हामीले ससाना विचार गोष्ठी र स्मृति सभाहरू देशैभर गरिरहेका छौं । उहाँको विचारसँग मिल्ने र उहाँको जे कारणबाट सहादत भयो, त्यो विचारसँग मेल खाने हाम्रै पार्टी मात्र हो । हामीले आज आकार र संख्याका हिसाबले ठूलो र भव्य कार्यक्रम गर्न सकेनौ, उहाँको स्मृतिमा । तथापि उहाँको स्मरणमा कार्यक्रम गरेका छौं ।

तराइबाट माओवादी आन्दोलनमा थुप्रैथुप्रै नेताहरू देखा पर्नु भयो। तर उहाँजस्तो वैचारिक रूपमा निख्खर र परिपक्वता पछिका नेताहरूमा देखिएन । अरु पार्टीमा पनि देखा पर्नुभयो, तर रामबृक्ष यादव जतिको गुणवत्ता नेता कोही पनि देखिएन । यो मेरो कुरा उहाँको सहादतपछिको प्रशंसा होइन, यथार्थ नै हो।

उहाँ दृढ, स्पस्ट र विचारप्रति निकै नै इमान्दार नेता हुनुहुन्थ्यो । उहाँको स्मृतिमा आज भइरहेका यी कार्यक्रमहरूले आज हामीहरूलाई अझ दृढ भएर अघि बढ्न प्रेरणा दिइरहेको छ ।

***आज त यस्ता पार्टीहरू पनि छन्, जसले शहीद यादवको सहादतलाई भजाएर आफ्ना जनविरोधी अनुहारहरू धुने र जनविरोधी पार्टीहरूका भविष्य बनाउनेतिर लागिरहेका छन् नि ?***

संशोधनवादीहरूले गर्ने विजनेस भनेको त्यही हो । संशोधनवादीहरूले के गर्छन् भने बाँचुन्जेलसम्म त्यस्ता क्रान्तिकारी नेता र नेतृत्वहरूको विजोग गराउँछन्, नाकाबन्दी गर्छन् र सिध्याउनतिर लाग्छन् । तर शहादत प्राप्त भएपछि उनीहरूप्रति जनताको जुन अगाध श्रद्धा हुन्छ, त्यसबाट फाइदा लिन अघि सर्ने गर्दछन् । ती शहीदहरूको स्मृति दिवस मनाएको नौटंकी गर्दछन् ।

अहिले क. रामवृक्ष यादवको विषयमा त्यही भइरहेको छ । हिंजो मात्र रामेछापको दोरम्बामा पुगेर प्रचण्डले भाषण गरेको मैले थाह पाए । दोरम्बामा गएर उहाँले ती शहीद र शहीद परिवारलाई के भन्ने ? कसरी संबोधन गर्ने ? शहीदका सपनाहरू ध्वस्त पार्ने उहाँ नै हो। त्यो क्रान्तिप्रति धोखाधडी र विश्वासघात गर्ने त उहाँ नै हो। ती ठाउँहरूमा पुगेर, जनतालाई भ्रममा पारेर, आफ्नो भोटवैंक सुरक्षित गर्ने भन्दा उहाँहरूको मनसुवा अरु बढी नै के पो छ र ?

आज रामवृक्ष यादवको गाउँ बरमझियामा गएर प्रम ओली र प्रचण्डले संबोधन गर्ने भन्ने मैले सुनेको छु , त्यो भनेको स्थानीय जनतामा भ्रम पैदा गर्दै शहीद यादवप्रति रहेको त्यहाँका जनताको सहानुभूति बटुल्ने मात्र हो । तर उहाँहरूको यो कसरत क्षणिक मात्र हो ।

अर्को कुरा, राज्यको साधनस्रोत प्रयोग गरेर केही फूर्तिफार्ति त देखाउन खाजिएला, तर त्यो स्थानीय जनतासँग मिलेर हामीले साफ गरिदिने छौं ।

***त्यसो भए शहीद यादवको विचार र बाटो अरु कसैले पनि लिएर जान सक्दैनन् ?***

जहाँसम्म क. रामबृक्ष यादवको कुरा हो, उहाँसँग मैले लामो सहकार्य गरे । अढाई तीनवर्षसम्म सँगै जेलमा पनि बस्यौं । पार्टीको भूमिगत जीवनमा पनि हामी सँगै थियौं । सिन्धुली र धनुषा जिल्ला नजिक भएका कारणले पनि हामी एउटै पार्टी व्युरोमा रहेर काम गर्‍यौं ।

उहाँको उद्देश्य नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु थियो । त्यो पनि नयाँ जनवादी क्रान्ति मार्फत् । उहाँमा कतै र कहीं पनि विचलन थिएन । उहाँको ठीक त्यस्तो बेलामा सहादत भयो, जतिबेला हामीले जनयुद्ध गर्नका लागि तयारी गरिरहेका थियौं ।

जनयुद्धको तयारीको सिलसिलामा उहाँ जनमोर्चाको एक जिम्मेवार नेता हुनुहुन्थ्यो । उहाँले जनकपुरमा एक सभालाई संबोधन गरेर आउँदै गर्दा उहाँको घर नजिकैको गाउँमा केही दलालहरूले उहाँको हत्याको षडयन्त्र गरे । उहाँमाथि आक्रमण भएको त्यो स्थानमा शहादत भयो । उहाँ निकै निष्ठावान र संझौता नै नगर्ने नेता हुनुहुन्थ्यो ।

आज उहाँको स्मृति दिवसमा संशोधनवादी नेताहरू, जसले नेपालमा नयाँ जनवादी क्रान्ति नै आवश्यक छैन भनेका छन्, तिनीहरूले शहीद क. रामबृक्ष यादवको स्मृति दिवस मनाइरहँदा अनौठो लागिरहेको छ । उहाँ जीवित भएको भए यही हाम्रो पार्टीमा हुनुहुने थियो । यसमा शंका नै छैन । उहाँको जीवन संगिनीको पनि एक दुर्घटनामा मृत्यु हुन पुग्यो । उहाँ र उहाँका छोराले जे सपना देखेर सहादत प्राप्त गर्नुभयो, त्यो बाटोमा अविचल भएर हिंड्नु नै उहाँप्रतिको वास्तविक सम्मान र श्रद्धा हुनजान्छ ।



***अन्त्यमा, केही कुरा राखिदिनु हुन्छ कि ?***

उहाँको स्मृति दिवस मनाउने सिलसलामा थुप्रो भ्रम सिर्जना गर्ने जुन क्रियाकलापहरू भइरहेका छन्, यी सबै योजनाबद्धतामा भरइरहेका छन् । जनतालाई भ्रमित पार्ने प्रयत्न भइरहेको छ । धनुषा र बरमझियाका जनताहरू सचेत छन् । त्यो सचेतना धेरै वर्षअघिदेखि शहीद क. रामबृक्ष यादवले दिइराख्नु भएको हो । क्रान्तिकारी जनताहरू क्रान्तिकारी पार्टीकै पक्षमा उभिने छन् ।

## कविता

### कवि सेनलाई पत्र

● *पूर्णबहादुर अधिकारी*

*श्रद्धेय कवि सेनजी*
*हार्दिक अभिवादन !*
*अहिले त गाथमा ठीकै छ भन्ने लागेको छ*
*त्यता त*
*हाम्रो यताको जस्तो*
*बेइमानी र धोखाधडी छैन होला*
*कवि सेनजी*
*तपाईं-हामीले हिजो*
*मुक्ति अभियानमा लाग्दा*
*बगाएको पसिना र रगत त*
*त्यसै खेर गए जस्तो छ*
*बालुवामा पानी*
*सिँचाइ गरेजस्तै भएको छ ।*
*निरङ्कुशताका सयौं बुटले*
*निर्ममता साथ कुल्चिँदा पनि*
*हजारौं वाटका विद्युत झट्काले*
*छाती डढाउँदा पनि*
*नलत्रेको शिरलाई*
*तल्लाघरे ठालुका पैताला सामु*
*लम्पसार पारिएछ*
*अत्याचारी कंशसँग लड्न हिँडेको कृष्ण त*
*मथुरा दरबार पुगेर*
*कंशकै पाउमा पो लम्पसार परेछन्*
*के को मुक्त गर्थे*
*जेलमा कोचिएका बाबुआमालाई ?*
*जनमुक्तिका निम्ति*
*अघि लम्कदा*
*त्यो ठालुले बाधा तेर्स्यायो भने*
*सुरुङ युद्ध लड्छौं भन्थे, तर*
*लाज-शरम नभएका*
*ढाँट रहेछन् ती त*
*सारै बेइमान रहेछन् ती त*
*केको लड्थे सरुङ युद्ध ?*
*चुनवाङको चौतारामा*
*सुटुक्क साउती मिलाएर*
*त्यही सुरुङमार्गबाट*
*दिल्ली दरबार पुगेर*
*गरेछन् बाह्रबुँदे सम्झौता*
*सगरमाथा जत्तिकै उच्च*
*सम्प्रभुताको शिर*
*प्रभुक पाउमा चढाएर*
*आएपछि त सेनजी*
*के भन्नु छ र !*
*तपाईं हाम्रो पसिना र रगतले*
*सिँचित गैरीखेतमा*
*मसिनो धान*
*लहलह फल्नु पर्ने खेतमा*
*हिजो आज त*
*वातानुकूलित आलिशान*
*बडेबडे गगनचुम्बी महल झुलेका छन्*
*जरो आउँदा*
*सिटामोल पनि नपाएर*
*हामी रन्थनिएका बेला*
*हिलाम्मे र धुलाम्मे सडकमा*
*प्राडो र पजेरो गुडेका छन्*
*हुँदाहुँदा त सेनजी*
*हिजो आज त*
*हाम्रो रगतले किनेका बन्दुक पनि*
*खोसिएका छन्*
*अब त*
*सर्वहाराका स्वघोषित मुक्तिदाताहरू*
*आफूले प्राप्त गरेको स्वर्गमा*
*चौरासी व्यञ्जन ज्युनार गरेर*
*आराम गर्दैछन्*
*अझै पनि*
*पाँचतारे होटल र रिसोर्टहरूमा*
*चल्ने तिनका गफमा*
*जनमुक्तिकै कुरा सुनिन्छ*
*के भन्न सकिन्छ र !*
*लाज सरम नभएका नैतिक हरामहरूलाई ?*
*के गर्नु सेनजी*
*हिजो आजदेखिने दुर्दृश्यले*
*बबन्डर चल्छ मस्तिष्कमा*
*बेइमानीका विरुद्ध*
*धोखाधडीका विरुद्ध*
*नाना छलकपट र षडयन्त्रका विरुद्ध*
*अरु केही गर्न नसकेपछि*
*अणुबम बनेर*
*भङ्कर बिस्फोट हुन मन लागेको छ ।*
*२७ साउन, २)७५*

*घायल*
*धनेश्वर पोखरेल*
*भन्थे मान्छेहरू खुट्टा भाँचिदा टेक्न गाह्रो हुन्छ*
*हो मलाई त्यस्तै भएको छ*
*भन्थे मान्छेहरू बैसाखी टेक्नु पर्छ*
*हो मैले त्यस्तै गरेको छु*
*मेरो एउटा खुट्टा घायल छ कुनै कारणले*
*तर म वास्तवमा घायल छैन*
*कुनै समयका लागि*
*मेरो खुट्टाको साहारा बैसाखी हुन सक्छ*
*त्यो स्वाभाविक हो*
*तर लक्षित गन्तव्यमा पुग्न*
*मेरो यात्रा निरन्तर चलिरहन्छ चलिरहन्छ*
*किनकि*
*खुट्टाले वैसाखी टेके पनि*
*मेरो आस्था र विचारले कहिल्यै कसैको बैसाखी टेक्ने छैन*
*जसरी अन्धो र अपाङ्गो भएर*
*सत्ताले बैसाखी टेकी रहेको छ कसैको*
*वैसाखी टेक्ने मात्र होइन*
*कसैको रिमोट कन्ट्रोलबाट चल्ने*
*यौटा नपुंसक कठपुतली जस्तै*
*विवेकहीन रोबोट बनिरहेको छ*
*शासन गरिरहे छ ।*
*साउदी अरबमा*

# विगतले झस्काउँदा !



जय दाहाल

***जलजला पत्रिकामा स्वतन्त्र क्रान्तिकारी हुँदा !***

हामी हामीले भर्खरै जलजला पत्रिका निकाल्न सुरु गरेका थियौं । कामको आवश्यकताले आवश्यक जनशक्ति, क्षमता, प्रविधि, सरसामान र वातावरण बनाउँदो रहेछ । साथीहरू जम्मा पनि भयौं । ईशवर ज्ञवालीसँग २०५६ सालदेखि नै भेटघाट भएको थिथयो । पत्रिका कस्तो बनाउने र कसरी निकाल्ने भन्ने बारेमा उहाँले लेख्नुहुन्थ्यो ।

डिल्ली बजारमा हाम्रो पत्रिका निकाल्ने एउटा सानो कोठा थियो । ईश्वर ज्ञवाली, धर्मेश पोखरेल, म (जय लाहाल) र पुण्य आचार्य हामी सबै पत्रिका चलाउने टिममा थियौं । खेम थपलिया पनि हामीसँगै हुनुहन्थ्यो ।

काम चल्दै थियो । पत्रिकाले गति लिँदै थियो । एक दिन प्रहरीले त्यहाँ छापा मार्‍यो । हामी कोठा बाहिर निस्केको केही क्षणको समय मात्र भएको थियो । कुन्नी कसले खबर गरिदिएछ ? हामी अरु साथीहरूको त सामानहरू खासै थिएनन् पनि । तर ईश्वर ज्ञवालीका केही महत्वपूर्ण सामग्रीहरू छापामार्ने प्रहरीले लिएर गएछन् । क्यामरा र केही नगद पैसा पनि गुमे ।

काठमाडौं कमलादीको नजिकै पूर्वका चैनपुरे श्रेष्ठको घरमा हामीले पत्रिकाका लागि कोठा लिएका थियौं । उहाँ बडो रमाइलो र मिजासिलो मान्छे । मिलनसार पनि उत्तिकै । उहाँ माओवादी त होइन, तर असल मान्छे । म कोठामा बस्दा निकै सफा गरेर मात्र बस्ने बानी । कोठा पनि प्रायः सफा नै राख्ने गर्दथ्यौं । मैले यसो सुरक्षामा पनि ध्यान दिने र बाहिरतिर पनि आँखा लगाउने गर्दथे ।

एक दिनको कुरा हो, दीपेन्द्र रोकाया हामी बसेको कोठामा आउन भर्‍याङमाथि चढ्दै हुनुहुन्थ्यो । हाम्रो चिनजान थिएन । मैले उहाँलाई भर्‍याङमा नै रोके । उहाँ सेना, पुलिस जस्तो देखिनु भएको थियो । मलाई पनि शंका नै लाग्यो । मैले सोधिहाले- तपाई को ? कसलाई खोज्न आउनु भएको ?' मैले स्पष्टीकरण लिन थाले । उहाँ गम्भीर स्वभावको मान्छे । धेरै नबोल्ने । अडिएर बसिराख्नु भयो, तर जबाफ नै दिनु भएन । मैले भित्र जान नै दिएन ।

भित्रबाट ईश्वर ज्ञवाली र खेम थपलियाले उहाँ त हाम्रो साथी हो भनेपछि बल्ल मैले थाह पाए । यो घटना मैले चाहेर पनि भुल्न सक्दैन । हामीसँग धर्मेश पोखरेल पनि हुनुहुन्थ्यो । उहाँले जय दाइ मुभमेन्ट त अघि बढाउनु पर्छ भन्नु हुन्थ्यो । त्यतिबेला मैले माओवादीलाई समर्थन गर्दथे तर म आफै भने माओवादी बनिसकेको थिएन ।

जलजला पत्रिका चल्न थालेपछि र केही मुभमेन्ट आउन थालेपछि त्यही क्रममा म माओवादीमा प्रवेश गरे । हामीले मार्क्सवादी विचारमञ्च भन्ने एउटा वैचारिक अन्तरक्रियाको मञ्च पनि दर्ता गरेका थियौं । खै, आज त्यो कता हरायो कता ?

***जहाँ पुग्यो त्यहीं पुलिस : माओवादी हुँदा !***

आन्दोलन अलि दह्रो गरी अघि बढ्न थाल्यो । देशभर माओवादी जनयुद्धले गाढा रङ लिंदै थियो । काठमाडौंमा बस्न पनि निकै साह्रोगाह्रो हुन थाल्यो । खुल्ला साथीहरू अलि पातलिंदै र हराउँदै जान थाले । शायद भूमिगत हुँदै गए होलान् ।

जलजला पत्रिका चल्न थालेपछि र केही मुभमेन्ट आउन थालेपछि त्यही क्रममा म माओवादीमा प्रवेश गरे । काठमाडौंमा खुल्ला बस्न अलि केही नै गाह्रो हुन थाल्यो । म पनि पूर्वी नेपालतिर लागे । पूर्व त मेरो घर । जहाँ गयो, त्यही मेरा इष्टमित्र र आफन्तहरू । केही दिन त रमाइलै भयो । तर आश्चर्य के भयो भने जहाँ म जान्छु, त्यहीं पुलिस टुप्लुक्क पुगिहाल्ने ।

एकदिनको कुरा हो, म मोरङमा मेरो मावली घर गएँ । मेरो मावली मोरङको झुरकिया अन्तर्गत सिङ्हारी गाउँमा पर्छ । त्यहाँ बर्माबाट आएका बर्मेलीहरूको टोल छ । म त्यहाँ कहिले चुनीबारी भन्ने ठाउँमा त कहिले झुरकियामा जान्थे । कहिले रङ्गेली पनि आउँथे । तर यसपटक म झुरकियामा थिए ।

म पुग्ने बित्तिकै मामाले भन्नुभयो- 'होइन भान्ज, तपाईं आउने वित्तिकै सेना पुलिस आई पो हाल्छन् ।' तर पनि म लामो गफगाफ गर्दै मामासँग दिन बिताएँ । रात पनि पर्‍यो, कतै गएन । अर्को दिन त बिहानै मिलिटरी पुगिसकेका मामाको घरबाहिर बाटोमा ।

त्यतिबेला असारसाउनको हिलो । चारैतिर धान रोपाइको कार्यक्रम थियो, गाउँमा । गाउँलेहरूले मलाई नै लिन आएका भनेर सेनाहरूलाई विस्मातको नजरले हेरिरहेका थिए । मेरो पनि ढक्क छाती फुल्यो । 'आज त फेला परिस् हेर केटा तँ' भनेर म आफैलाई मनमनै भने पनि । उपाय अरु केही पनि थिएन ।

म बाहिर बाटोमा निस्किए । उनीहरूसँग मिसिए । भागेर जाने ठाउँ छैन, चारैतिर हिलाम्य खेत छ । साइकलमा आइरहेको एउटा मिलिटरी साइकल चिप्लिएर गर्ल्याम्म हिलोमा ढल्यो । मैले हाँसो ठट्टा र कुरा गर्ने मौका पाए । म विस्तारै उसैको नजिक गएँ । भनिहाले पनि- 'के हो भाइ, आतंककारीलाई मार्न हिंडेका यस्तो थोत्रो साइकल चढेर पनि हुन्छ ? तपाईको जीवन रक्षा कसरी हुनछ ?' उसले ट्वाँ परेर हेर्दै 'के गर्नु सर !' भनेर जुरुक्क उठ्यो । तनक्क तन्कियो । वाकीटाकी वाला मिलिटरीले पारिबाट मलाई कवारक्वार्ती हेर्न थाल्यो । म पनि त्यो ढलेर उठेको सेनासँग उभिएर कुरा गरे । मलाई उम्कनु थियो । त्यहाँ भुलि राख्नु उचित थिएन । सुरक्षा पनि त थिएन । म विस्तारै अघि बढेर टाढा पुगे । आज त जसोतसो गरी फुत्किए । गह्रौं सास पनि फेरे । हलुङ्गो भयो ।

## ओली...

अनुसार सुगौली सन्धिदेखि सुरुभएको राष्ट्रघातको प्रक्रिया राणा, नेपाली कांग्रेस, एमाले र माकेहुँदै आज नेकपाको कार्यकालसम्म आईग्दा उत्कर्षतिर गैरहेको उनले बताए । उनले आजसम्म पनि देशमा जनतन्त्र, राष्ट्रिय स्वाधीनता र जनजीविका समस्या समाधान हुनुको सट्टा झन विकराल बन्दै जानुको कारण आजसम्मका सत्ताधारीहरूको वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादी चरित्र र तदनुरूप उनीहरूले अवलम्बन गरेका सरकारी नीति तथा कार्यक्रमले गदौ नै भएको ठोकुवा गरे । वाह्य शक्ति त्यसमा पनि मुख्यतः भारतीय विस्तारवादको निर्देशनमा चल्ने र घरेलु प्रतिक्रियावादको प्रतिनिधित्व गर्ने दलालहरूको नेतृत्वको सत्ता नै नेपाली जनताको दुश्मन रहेको पनि उनको ठहर थियो । उनले भने, 'कम्युनिस्ट नामधारी वर्तमान ओली सरकार पनि पहिलेका सरकार जस्तै जनघाती र राष्ट्रघाती रहेको छ । जनतन्त्र, राष्ट्रिय स्वाधीनता र जनजीविका समस्या समाधान गर्न नयाँ जनवादी क्रान्ति आवश्यक रहेको र उक्त क्रान्तिको सफलताका लागि भारतमा रहेका नेपालीहरूको भूमिका महत्वपूर्ण रहन्छ ।'

उक्त सम्मेलनको भव्य सफलताको शुभकामना व्यक्त गर्ने अर्का वामपन्थी नेता तथा सम्मेलनका विशेष अतिथि ईन्द्रमोहन सिग्देलले नेपाल प्राकृतिक साधनस्रोतले सम्पन्न र नेपाली जनता मेहनती भए पनि आजसम्मका सत्ताधारी वर्गको राष्ट्रिय आत्मसमर्पणवादी चरित्र र त्यसअनुरूप उनीहरूले अपनाउने गरेका सरकारी नीति, नियम र त्यसलाई प्रशासनले अवलम्बन गर्ने गरेकाले नै नेपाली जनताले दुःख पाउने र पराधीन भएर बाँच्नुपर्ने अवस्थाको सिर्जना भएको बताए । उनले नेपालमा आजसम्म राजनीतिक क्रान्ति पूरा नभएको र मजदुर, किसान तथा आम उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गका जनताको हातमा सत्ता नआएको कुरा बताउँदै वर्तमान ओली सरकारको आर्थिक समृद्धिको नारा जनता ढाँट्न अगाडि सारिएको भ्रमपूर्ण वकवास रहेको कुरा औंल्याए । नयाँ जनवादी क्रान्तिको सफलतापछि मात्र राष्ट्रिय पुँजीको विकास हुने र त्यसपछि मात्र देशमा आर्थिक समृद्धिको ढोका खोलिने कुरामा उनको विशेष जोड दिएका थिए ।

नेपाली एकता समाज, भारतका केन्द्रीय उपाध्यक्ष शोभाखर अधिकारीले सम्मेलन सफलताको शुभकामना व्यक्त गर्दै यस संगठनले स्थापना कालदेखि नै भारतभरि छरिएर रहेका नेपालीको हितमा संघर्ष गर्दै आएको कुरा दाबी गरे । त्यसै गरी अर्का केन्द्रीय उपाध्यक्ष राजु शर्माले प्रवासमा रहेका नेपालीको भूमिका नेपालमा हुने आमूल परिवर्तनका लागि पनि त्यत्ति कै आवश्यक हुने कुरा उल्लेख गरेका थिए ।

यसका साथै, नेपाली एकता समाज, भारतका केन्द्रीय नेताहरू महासचिव विष्णु शर्मा, सचिवालय सदस्य सुरज कुमार, सचिवालय सदस्य शिव दाहाल, सचिवालय सदस्य तथा दिल्ली राज्य समितिका अध्यक्ष हरि थापा लगायत अन्य नेताहरूले पनि सम्मेलनलाई सम्बोधन गर्दै त्यसको भव्य सफलताको शुभकामना व्यक्त गरेका थिए ।

जनसांस्कृतिक महासंघका केन्द्रीय सदस्य प्रतीक लामा लगायत सामना परिवारका केन्द्रीय कलाकारहरूले पस्किएका सांस्कृतिक कोसेलीहरूले सम्मेलनलाई निकै भव्य र रोचक बनाएको थियो ।

## नेपाली...

कर्तव्य पनि हो ।

मिचाहा र नाङ्गो राजनैतिक हस्तक्षेपबिरुद्ध प्रतिरोध संघर्ष त गर्नु नै छ । त्यसको निम्ति अरु विभिन्न, भारतीय विस्तारवादविरोधी पार्टी र समूहहरूसित सरसहयोग मिलाउने कामको चाँजोपाँजो मिलाउनु पनि अति जरुरी छ । यसो भनेर फेरि विनाशर्त सहयोग लेनदेन गर्ने काम गर्नु हुन्न । यसो गर्नु भनेको फेरि उही दक्षिणपन्थी अवसरवादमा फस्न जाने काम हुने छ । तसर्थ यस मामलामा अत्यन्तै चनाखो भई क्रान्तिकारी सचेता अपनाउनु जरुरी छ । नत्रभने सरसहयोग गर्ने काममा वाधा अडचन पैदा भई, यी सबै काम कुरो घुँडाटेकुवा र सिद्धातहिन सरसहयोगमा फेरिन बेर पनि लाग्दैन ।

हामी हाम्रो महान् नेपाललाई नेपालको आफ्नै विशेषताअनुरूप राष्ट्रिय पुनर्निर्माण गर्न चाहन्छौँ । महान् नेपाल राष्ट्रको अङ्गको रूपमा रहेका र यससँग नङमासुभैंm अभिन्न रूपले गाँसिएको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) को निम्ति नेपालका विशेषताहरूबाट अलग्गिएर मार्क्सवादको कुरा गर्नु खाली हवाई मार्क्सवाद, खोक्रो मार्क्सवाद हो । त्यसैले यसको हरेक अभिव्यक्तिमा नेपाली स्वरूप देखा पर्ने गरी मार्क्सवादलाई नेपालमा ठोस रूपले लागू गर्नु हाम्रो सिङ्गै पार्टीले बुझ्नु पर्ने र हल गर्नुपर्ने अति जरुरी समस्या हुन् । हामी कोही कसैले पनि खोक्रो र निस्सार राग अलाप्नु हुन्न र अलाप्न छाड्नुपर्छ र कट्टरतावादलाई निमिटयान्न पार्नुपर्छ । तिनको सट्टामा सर्वसाधारण नेपाली जनसमुदायले मनपराउने नौलो, ज्यूँदो नेपाली शैली र भावना अपनाउनु पर्दछ । अन्तर्राष्ट्रिय सारवस्तुलाई राष्ट्रिय शैलीबाट अलग्याउनु भनेको अन्तर्राष्ट्रिय कपुरी 'क' सम्म पनि नबुझ्ने मानिसहरूको व्यवहार हो । हामीले भने यसको विपरीत यी दुई कुरालाई नङमासुभैंm गाँस्नु पर्छ ।

हामी विशेषतः यस मामलामा चनाखो त हुनै पर्छ, नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) भित्रको एकता, अधुरो रहिरहेको, नयाँ जनवादी क्रान्तिमा विजय प्राप्त गर्न र नौलो नेपाल निर्माण गर्न सिङ्गो राष्ट्रलाई एकताबद्ध गर्ने कुराको आधारभूत पूर्वशर्त हो । विगत तेइस वर्षको अग्निपरीक्षामा खारिँदै नेकपा (क्रान्तिकारी माओवादी) ले भित्री एकता हासिल गर्ने थुप्रै तरिकाहरू सिकेको छ र हाल हाम्रो पार्टी पहिलेको दाँजोमा निकै बढी पारङ्गत भएको व्यवहारिक रूपले पुष्टि हुन आएको छ । यस प्रकार हामी जनवादी क्रान्तिमा विजय प्राप्त गर्ने र नौलो नेपाल निर्माण गर्ने सङ्घर्षमा सम्पूर्ण जनताको निम्ति एउटा भरपर्दो शक्तिशालीकेन्द्र निर्माण गर्न गइरहेका छौं । कामरेडहरू, हामीले सोचे अनुरूप एकताबद्ध हुन सक्नै पर्छ । त्यसपछि हामीले निश्चय नै हाम्रो उद्देश्यअनुरूप नयाँ जनवाद, वैज्ञानिक समाजवाद र साम्यवादको लक्ष्य प्राप्त गर्न सक्ने छौं ।

## नेपाल...

बन्न पुगेको छ । साथै मालेमावाद विश्वसर्वहारावर्गको मुक्ति सिद्धान्त समेत बन्न पुगेको छ ।

यसलाई अभैm सरल भाषामा सबैले बुझ्ने गरि यसरी व्याख्या गर्न सकिन्छ कि आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिंगो अमेद्य ईकाइका रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । त्यसैले माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिनवादको रूपमा ग्रहण नगरिकन कोही पनि सच्चा कम्युनिष्ट बन्न सक्तैन ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले माओवादलाई त के माओत्सेतुङ विचारधारालाई समेत परित्याग गरेर ' जनताको बहुदलीय जनवाद' जो संसदीय पुँजीवादी विचारधारा हो त्यसलाई आफ्नो मार्ग दर्शन सिद्धान्त, पथप्रदर्शक सिद्धान्तका रूपमा ग्रहण गर्न पुगेको छ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले मार्क्सवाद-लेनिनवाद-जनताको बहुदलीय जनवादलाई मार्गदर्शक सिद्धान्त भनेको छ । विश्वभरकै संशोधनवादी कम्युनिष्टाहरूले मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्दै आएका छन् । नेपालको दक्षिणपन्थी संशोधनवादमा पतन भएर प्रतिक्रियावादी क्याम्पमा हाम फाल्न पुगेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले मार्क्सवाद लेनिनवाद राख्दैमा कम्युनिष्ट मानिदैन । त्यसमा पनि उसले 'जनताको बहुदलीय जनवाद' लाई पार्टीको गाइडलाइनका रूपमा राख्न पुगेको छ ।

जनताको बहुदलीय जनवाद दार्शनिक रूपले बहुलवादी सिद्धान्तमा आधारित विचार श्रृंखला हो । यो संसदवादी एवं पुँजीवादी विचारधारा हो । जबजले प्रस्टै रूपमा भनेको बहुमतको सरकार, अल्पमनको प्रतिपक्षा । यो संसदवादी पुँजीवादी विचारधारा हो । यो सच्चा कम्युनिष्ट पार्टीहरूको मार्गदर्शन सिद्धान्त नभएर पुँजीवादी संसदवादीहरूको मार्गादर्शन सिद्धान्त हो ।

एमालेले पहिलेदेखि नै संसदीय व्यवस्थालाई स्वीकारेर आएको हो भने एमाओवादी हुदै माकेले पनि संसदीय व्यवस्थालाई आत्मसात गर्दै प्रतिक्रियावादी संविधान बनाएर संसदीय व्यवस्थालाई बलियो बनाउँदै लैजाने नीति, सिद्धान्त र विचारमा सहमत भइसकेपछि एमालेमा विलप हुन पुगेको हो ।

त्यसैले मालेमावादलाई परित्याग गरेर, सर्वहारावर्गलाई परित्याग गरेर, नेपाली क्रान्तिप्रति गद्धारी गर्दै, नेपाली जनतालाई धोका दिदै ऐतिहासिक झापा विद्रोहका भगौडा एमालेहरू र महान दश वर्षे जनयुद्धका भगौडा माकेहरू एक अर्कोमा विलप भएर बनेको यो खिचडी नामको पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कम्युनिष्ट पार्टी नभएर सोसल डेमोक्रेटिक पार्टीका रूपमा, बुजुवा पार्टीको रूपमा परिणत भइसकेको घोर संसदवादी पार्टी हो ।

अहिले यो पार्टीसँग कम्युनिष्टको कुनै, साइनो र नाम निशानासम्म छैन । त्यसो भएर अहिले यो कुनै वर्गको राजनीतिक प्रतिनिधित्व गर्ने पार्टी पनि होइन किनभने यसले सर्वहारा वर्गलाई छोडेर आइसकेको छ । सर्वहारावर्गलाई बेइमानी गरेर आइसकेको छ । नेपालमा बुर्जुवा पुँजीपतिवर्गको, दलालतथा नोकरशाही पुँजीपतिवर्गको राजनीतिक प्रतिनिधित्व त नेपाली कांग्रेसले पो गरिरहेको छ भने समान्तवर्गको राजनीतिक प्रतिनिधित्व राप्रपाहरूले गर्दै आएका छन् । तसर्थ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) सँग त कुनै वर्ग छैन । त्यसो भएर यसले कथित बहुमतको नाममा दलाल तथा नोकरशाही पूजीपति वर्ग र सामन्तवर्गको हित रक्षा तथा संरक्षण गर्दै प्रतिक्रियावादी सरकारको नेतृत्व गरिरहेको छ । त्यसैले ओली नेतृत्वको सरकारलाई दलाल सरकार भनिएको हो । यो प्रतिक्रियावादी सरकार हो ।

यो दलाल सरकार प्रतिक्रियावादी सरकार भएकै कारणले क्रान्तिकारी कम्युनिष्टहरू माथि भीषण दमनचक्र चलाइरहेको छ ।

यो पार्टी र यसको सरकार नेपालका दलाल तथा नोकरशाही पुँजीपति वर्ग र समान्त वर्गको निर्देशन र खटनपटनमा चल्ने भएकोले नेपाली जनता माथि चरम उत्पीडन दमन र शोषण गरिरहेको छ । मूल्य वृद्धि गराएको छ । जनता माथि चर्को कर असुली गरिरहेको छ । अभाव तथा वेरोजगारी समस्या बढाएको छ । अशान्ति मच्चाइरहेको छ । जनतामाथि भाँडभैलो मच्चाएको छ । यो यसको वास्तविक चरित्र हो ।

नाम कम्युनिष्टको दिएको छ । नारा समाजवादाको दिन पनि पछाडि परेको छैन । तर काम र व्यवहार भने पुजीपति वर्गको गरिरहेको छ । सामन्त वर्गको गरिरहेको छ । यी सबै कारणहरूले के पुष्टि गर्दैछन् भने नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कम्युनिष्ट पार्टी होइन । दलाल पार्टी हो ।

यसले जनताको बीचमा कम्युनिष्ट भएको व्यापक भ्रम सिर्जना गरेर चुनावबाट धेरै मत पनि ल्याएको छ । कम्युनिष्ट सरकार बनाएको भनेर ठूलो भ्रम पनि छरिरहेको छ र जनतालाई ढाँटदै र झुक्याउँदै पनि आएको छ ।

अब नेपाली जनता यसको भूलभूलइयाँको पछि लाग्नु हुदैन । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कम्युनिष्ट हुनु त धेरै परको कुरा हो यो वामपन्थीसम्म पनि होइन, यही तथ्यलाई नेपाली जनताले बुझ्न र जान्न जरुरी छ ।

कम्युनिष्ट पार्टी नेता कार्यकर्ताद्वारा सञ्चालित हुन्छ । त्यसका नेता कार्यकर्ताहरू सर्वहारा वर्गीय दृष्टिकोण र आचरणले लैस भएको हुनुपर्छ । कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताहरूले निजी सम्पत्तिको मोह गर्दैनन् । उनीहरूले निजी सम्पत्ति प्रति लोभ गर्दैनन् । उनको कुनै व्यक्तिगत स्वार्थ हुँदैन । उनीहरूले सम्पूर्ण जीवन देश, जनता पार्टी र क्रान्तिप्रति समर्पित गरेका हुन्छन् । उनीहरूसँग आफ्नो भन्ने कुनै चिज हुँदैन तर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता कार्यकर्ताहरू अरबपतिका धनी छन् । पार्टीको आडमा राष्ट्रको अरबौं खरबौं सम्पत्ती माथि ब्रह्म लुट मच्चाइरहेका छन् । निजी सम्पत्तिका अत्यन्तै लोभी छन् । कहाँबाट धन पैसा आउँछ उतै उतै दौडिन्छन् । यस पार्टी नेता कार्यकर्ताहरूको सम्बन्ध र लेनदेन तस्करहरूसँग, भ्रष्टचारीहरूसँग, कालाबजारीयाहरूसँग, कमीशनखोरहरूसँग,शैक्षिकमाफियाहरूसँग, मेनपावरका दलालहरूसँग, भ्रष्ट ठेकेदारहरूसँग कायम गर्दै आएका छन् । यस पार्टीका नेता कार्यकर्ताहरूले निजी स्कुल, निजी कलेजहरू, हाइड्रोपावरहरू, बैङ्कहरू जतातत‍ै, जहाँ जहाँ अवसर मिल्छ त्यहाँ त्यहाँ करोडौंको शेयरधनी बनेका छन् । ठूला ठूला कलेज तथा निजी अस्पतालका सञ्चालक बनेका छन् । ठेक्का पट्टा उनीहरूकै हातमा छ । राजधानी लगायत ठूला शहरहरूमा उनीहरूकै आलिशान महलहरू बनेका छन् । आफ्ना नाता गोता, घरपरिवारका मान्छेहरूलाई स्थानीय निकायहरूमा, संसदमा भर्ती गरेका छन् । स्थानीय तह, परदेश सभाहरू, संघीय संसद, राष्ट्रिय सभामा आफ्नो दर सन्तानलाई, आफ्नो कार्यकर्ताहरूलाई भर्ती गरेर दाना पानी जुटाई दिने थलो बनाई रहेका छन् । देश विदेशमा गएर अरबौंको राष्ट्रिय सम्पत्ति यिनैले भ्रष्टचार गरेका छन् । यस प्रकारका अनैतिक, चरित्रहीन, भ्रष्टचारी नेता कार्यकर्ता भएको पार्टी दुनियाँमा कहीँ पनि कम्युनिष्ट पार्टी हुँदैन । यहाँ मैले धेरै लेखी रहन पर्दैन, यी मैले भनेका सबै कुराहरू दिनका घाम जस्तै नेपाली जनताहरूले छर्लङ्ग देखिसकेका छन् । यस्तो पार्टीलाई कम्युनिष्ट पार्टी भन्नु मुर्खता बाहेक अरु केही पनि हुँदैन ।

यी माथिका तथ्यहरूबाट यो प्रमाणित हुन्छ कि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कम्युनिष्टको दोसल्लाह ओढेको नक्कली कम्युनिष्ट हो र यससँग दुनियाँका सामु भ्रम सिर्जना गर्न बाहेक अर्को विकल्प छैन ।

## कर...

प्रयास भएको छ । कमरेड प्रचण्डले समेत संघीयता उल्टन सक्ने उद्घोष गरेका छन् । के हो जनताले तिर्नु पर्ने कर भार, सरकार र संघीयताको विरोध ? यसै विषयमा यहाँ छलफल गरिएको छ ।

२) **के हो कर, करभार र कोमाथि लागु गरिन्छ ?**

पुँजीवादी मुलुकहरूमा त्यहाँका सरकारहरूले नागरिकहरूमाथि कर लगाउँदछन् र नागरिकहरूले प्रतिफलको आशा नगरी अनिवार्य रूपमा सरकारलाई कर तिर्नु पर्दछ भन्ने एउटा सिद्धान्त छ । त्यसको उल्टो अर्को एउटा सिद्धान्तले के भन्छ भने सरकारको आर्थिक क्रियाकलापहरूबाट जुन ब्यक्तिले बढी फाइदा लिन्छ, उसले राज्यलाई बढी कर तिर्नु पर्दछ तर लाभप्राप्त नगर्नेले कर तिर्नु पर्दैन । यो सिद्धान्तलाई लाभको सिद्धान्त भनिन्छ र बढी प्रचलनमा छ ।

सरकारले लगाउने कर मुख्यत : दुईटा छन् -प्रत्यक्ष कर र अप्रत्यक्ष कर । प्रत्यक्ष कर त्यो हो जसमाथि लगाइन्छ, उसैले सिधै भुक्तान गर्नु पर्दछ । जस्तो खोला तर्दा लाग्ने कर, गरिब भएको प्रमाण लिने कर, जन्म, मृत्यु र विवाह दर्ता कर, साइकल, कुखुरा, भैंसी कर आदि । अप्रत्यक्ष करमा भने एउटा व्यक्तिबाट कर उठाइन्छ, तर त्यसको पूर्ण वा आंशिक भुक्तानी अर्कोले गर्दछ । जस्तो कि भन्सार कर, बिक्रि कर, अन्तःशुल्क, मनोरञ्जन कर आदि ।

संघीय सरकारले आर्थिक वर्ष २०७५/०७६ को बजेट ल्याएपछि केन्द्र, प्रदेश र स्थानीय सरकारहरूले प्रत्यक्ष र अप्रत्यक्ष करको भार गत वर्षको तुलनामा धैरै प्रतिशतले बृद्धि गरेको कारणबाट जनतामा असन्तुष्टि बढ्न गएको छ । आव ०७५/०७६को बजेट प्रस्तुत गर्दा नै अर्थमन्त्रीले गत वर्षको तुलनामा ३५.५ प्रतिशतले कर बृद्धि गर्ने लक्ष्य राखेका छन् । गत आवमा सरकारले ७ खर्ब २६ अर्ब रूपैयाँ राजस्व संकलन गरेको थियो । त्यसमा ३५ प्रतिशत बृद्धि गरी यो आवमा ९ खर्ब ८४ अर्ब रूपैयाँ राजस्व संकलनको लक्ष्य सरकारले राखेको छ । यो केन्द्र, प्रदेश र स्थानीय सरकारले समेत उठाउने राजस्वको समष्टि हो । यस्तो अत्यन्तै महत्वाकांक्षी राजस्व लक्ष्य पूरा गर्न सरकारले टेलिफोन, इन्टरनेटदेखि लिएर खाने तेलसम्मको अत्यावश्यक सामाग्रीहरूमा उच्च रूपमा कर वृद्धि गरेको छ ।

अहिले केन्द्र, प्रदेश र स्थानीय सरकारहरूले कर लगाउन नपर्ने व्यक्ति र क्षेत्रमा कर थोपरेका छन् र कर लगाउँदा दोहोरो-तेहरो करभार जनतामाथि थोपरिएको छ । त्यतिमात्र नभएर करको दर विगतको तुलनामा कैयौं गुणा अत्यधिक रहेको छ । उदाहरणका लागि गत आवमा रु १०।- मा काम हुने जन्म, मृत्यु, विवाह दर्ता र नागरिकताको सिफारिशलाई अहिले रु २,०००।- सम्म कर लिइएको छ । बाटो छेउमा बसेर मकै पोल्ने, चटपटे बेच्ने, मेहन्दी लगाउने, डोकोमा बोकेर साग बेच्ने, गरीब भएको प्रमाणपत्र लिने आदिलाई समेत छोडिएको छैन ।

*३) संघीयता विरोधी कर नीति*

पुँजीवादी अर्थविज्ञहरूले राज्यले उपलब्ध गराएको सेवा प्राप्त गरे वापत नागरिकले राज्यलाई कर तिर्ने नीतिलाई "करको लाभ सिद्धान्त र तिर्न सक्ने क्षमताको सिद्धान्त" भन्दछन् । अहिले यो नीति बढी प्रचलनमा रहेको छ । तर ओली सरकारको नियन्त्रणमा रहेको केन्द्र, प्रदेश र स्थानीय निकायहरूले गलाएको कर नागरिकले प्रतिफलको आशा नगरी अनिवार्य रूपमा तिर्नु पर्ने फासिवादी सिद्धान्तमा आधारित छ । सेवा दिन नपर्ने कर असुल गर्ने ।

गत आवमा भन्दा बढी कर लिने गरी यो आबमा ओली सरकारले आाम नागरिकलाई के के सेवा, सुविधा थपेको छ भनेर हेर्दा त्यस्तो केही देखिदैन । त्यसो भए केका आधारमा इन्टरनेटदेखि खाने तेलसम्म, डोकोमा डुलाएर साग बेच्ने, चटपटे बेच्ने, मेहन्दी लगाउने, बाटो छेउँमा मकै पोलेर बेच्ने आदिलाई यतिका भारी कर बृद्धि गर्न वा लगाउन परेको हो ।

प्रधानमन्त्री ओलीले कडाइका साथ कर उठाइने ऐलान गरेको भाद्र १ गतेको छापामा आएको छ । यसबाट आम नागरिकहरूमा संघीयताप्रति नकरात्मक धारणा जन्मेको छ र त्यसलाई ओली समुह र त्यसका सहयोगी पुनरुत्थानवादी तत्वहरूले पुट दिइरहेका छन् । अहिलेको संघीयता, धर्म निरपेक्षता, राष्ट्रियता, समानुपातिक प्रतिनिधित्वजस्ता कुरा रूपमा सकारात्मक देखिए पनि सारमा संघीय, धर्म निरपेक्ष, राष्ट्रियता, समानुपातिक छैन । तर रूप पक्षलाई पनि नामेट पार्ने पक्षमा अहिलेको सरकार र राज्ययन्त्र लागि परेका छन् ।

तसर्थ, नेकपा (क्रान्तिकारी माओवादी) सरकारले ल्याएको यो आम नागरिकमारा कर नीतिको, यो दलाल सरकारको, यो पश्चगामी संविधानको विरोध गर्दछ र जनताको जनवादी शासन ल्याउन नयाँ जनवादी क्रान्तिको तयारीमा साथ दिन न्यायप्रेमी र क्रान्तिकारी जनतालाई अपील गर्दछ ।


## क्रान्तिकारी...

सदस्य जितेन्द्र सिंह, मोर्चाका २ नं. प्रदेश सचिव रामनारायण सिंह लगायत नेताहरूको उपस्थितिमा भएको कार्यक्रममा जिल्लाका नेता कार्यकर्ताहरूको बाक्लो उपस्थिति रहेको थियो ।

तनहुँबाट प्राप्त समाचार अनुसार क्रान्तिकारी माओवादी तनहूँको आयोजनामा रामवृक्ष यादवको स्मृत्ति दिवस सेक्रटरी विद्रोहको अध्यक्षता र जिल्ला इन्चार्ज रविको प्रमुख आतिथ्यतामा जिल्ला कार्यालय दमौलीमा मनाएको छ । कार्यक्रममा पार्टीका नेता कार्यकर्ता तथा स्थनीय जनताको सहभागिता रहेको थियो । कार्यक्रममा क्रान्तिकारी माओवादीका नेताहरूले वर्तमान दलाल पुँजीवादमा आधारित संसदीय व्यवस्थाका विरुद्ध नयाँ जनवादी क्रान्तिको प्रक्रियामा अगाडि बढेर मात्र सहिद रामवृक्ष यादवको सपना र आदर्श पूरा गर्न सकिने विचारहरू व्यक्त गरेका थिए ।

यसैगरी, क्रान्तिकारी माओवादी नवलपुरले पनि सहिद रामवृक्ष यादवको २४ औं स्मृति दिवस मनाएको छ । क्रान्तिकारी माओवादी नवलपुरका सेक्रेटरी उत्तम थापाको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य अशोक लम्साल, पिताम्बर तिवारी लगायतले सहिद रामवृक्ष यादवको योगदानको चर्चा गरेका थिए ।

यसैबीच, माओवादी केन्द्र एमालेमा विलय भैसकेकाले माओवादी कार्यालयमा राखिएको नेपाल कम्युनिष्ट पार्टी (ने क पा) को वोर्ड हटाई नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल जिल्ला कार्यालय तनहुँको वोर्ड राख्ने, तात्कालिन माओवादी पार्टीको नाममा खरिद भई कानुनी रूपमा विभिन्न व्यक्तिहरूको नाममा तनहूँमा रहेको चल अचल, जिन्सी तथा नगद सम्पत्तिको खोजवीन गर्ने निर्णय समेत क्रान्तिकारी माओवादी तनहुँले निर्णय लिएको छ । सोही निर्णय अनुसार उक्त कार्यालयमा आज देजमोको बोर्ड राखिएको छ ।



दुर्वाच्य



रामचन्द्र हुमागाई

## नेपालमा उच्चशिक्षाको आवश्यकता

गुरुकूलमा पढाइने शिक्षालाई एकातिर पन्छाएर हेर्ने हो भने पनि नेपालमा औपचारिक शिक्षाको शुरुआत भएको ८० वर्ष भन्दा बढी भयो । भारतबाट अंग्रेजी शिक्षक ल्याएर दीक्षित गरिने गरेको हाम्रैपालामा समेत यदाकदा भेटिन्थ्यो, हाम्रो पालो भनेको आजभन्दा पचास वर्ष अगाडि हो । त्यसैले त हामीले आफ्नो बर्कतअनुसार अंग्रेजीमा क्षमता राख्नु परेको हो । जुनसुकै भाषामा पनि जग बलियो भएन भने माथि जान सकिँदैन ।

भाषामा अंग्रेजीको ठूलो महत्व छ । आन्तर्राष्ट्रिय सम्पर्कको भाषा भएकाले अंग्रेजी बुझ्ने र नबुझ्नेमा धेरै परक पर्छ । अहिले नर्सरीका बच्चाले पनि अंग्रेजीमा बोल्ने मौका पाइसकेका छन्, यो सबै अंग्रेजी मिडियामका बोर्डिङ स्कूलहरूको उपहार हो ।

उच्चशिक्षाको बारेमा कुरा गरौं । अहिलेसम्म आन्तर्राष्ट्रिय समुदायले नेपालको शिक्षालाई मान्यता दिएको छैन । जसले जतिसुकै 'मेरा छोराछोरीले बिदेशमा पढेर आए' भनेर फुटानी गरे पनि विदेशमा गएर आउनेहरूले विश्वविद्यालयका प्राध्यापकहरूलाई रिझाएर प्रमाणपत्र मात्रै लिएर आउने हो, वा ग्रिनकार्ड भिरेर उतै अल्मलिने मात्रै हो । जस्तै खाडीका मुलुकमा गएर त्यहाँका कम्पनी मालिकलाई रिझाएर अर्को केही वर्षका लागि भिजा थप गरेर आए जस्तै हो । यो उपलव्धी पनि २०४६ सालको जनआन्दोलनले प्राप्त गरेको अधिकार हो, त्यो भन्दा अगाडि विनाकामका मानिस विदेश जान पनि पाउँदैनथे । विदेशीले गरेको प्रगतिलाई हेरेर नेपालीहरू आकर्षित हुन्छन् र हाम्रो एकाधिकार खोस्छन् भन्ने त्रास पञ्च र राजालाई थियो, त्यसैले पनि जो पायो उसलाई भिजा दिने चलन नै थिएन ।

नेपाल एउटा सुन्दर देश हो, यहाँ प्रकृतिको ठूलो वरदान छ । मेची–महाकालीमा मात्रै पनि विश्वमा चिन्हाउन सक्ने क्षमता नेपालसँग छ । यहाँ नउब्जने अन्न, फलफूल, जडिबुटी लगायतका मानवोपयोगी चीज के छैन ? खानीहरूको भण्डर नभएको क्षेत्र कतै छैन । वातावरण विश्वको भन्दा विपरीत छ । तराइ जाँदा पातलो कपडा, हिमालयको भागमा जाँदा मोटो कपडा र मध्य पहाडी इलाकामा तराइको भन्दा भिन्न मौसम हुने भएकाले तीन थरी कपडा बोकेर निस्कनु पर्छ । हावापानी त्यस्तै छ । न ठूलो बतास चल्छ, न गर्मीले नै मानिसलाई असर पार्छ । यस्तो ठाउँलाई मानिसहरू दीगो उर्वराभूमि बनाउन सकिरहेका छैनन्, आखिर किन ? उच्च शिक्षाको अभावले ।

शिक्षाविना ज्ञानप्राप्त हुँदैन, राष्ट्रलाई माया गर्ने मानिसले ज्ञान प्राप्त गर्न सकिरहेका छैनन् । शिक्षा हासिल गरेर परिवारमा मात्रै रहाउने, पढ्नु, लेख्नु भनेको निजी आर्जनका लागि मात्रै हो भन्नेहरू आज पनि उच्च ओहदामा छन्, भोलि पनि पुग्छन् र देश र जनाताका लागि केही गर्दैनन्, गर्छन् केवल परिवारलाई गर्छन् । त्यसैले नेपाल दौडिन नसकेको हो, वामे सर्न मात्रै खोजिरहेको छ । किन भन्दा उच्चशिक्षाकै अभावले ।

देशलाई माया गर्नु भनेको नारा र भाषणमा मात्रै होइन, नारा र भाषण भनेको त राजनीति गर्ने तिकडमबाजी मात्रै हो । नपत्याए होर्नोस् न २०४६ साल अगाडिलाई । त्यति बेलाका भाषण र नारा सुन्दा लाग्थ्यो, बहुदलीय व्यवस्था स्थापना भएपछि मुलुक स्वर्ग नै हुन्छ जस्तो लाग्थ्यो । हुनु पनि त्यही थियो, तर दिमागमा गोबरले भरिएका नेताहरू बहुदलीय मैदानमा पो उभिएका रहेछन् । अर्काको ढाडमा चढेर खुट्टा फट्फट्याउछु भनेर कहाँ सफलता प्राप्त हुन्छ र ! २००७ सालदेखि अहिलेसम्मको अवस्था यही नै हो जे जति भएको छ जनताको पौरख र अन्तर्राष्ट्रिय प्रभावले भएकोछ, अरु सबै जोखाना हेर्ने अवसरवादी मात्रै हुन् । शिक्षित मानिस बाहिर फालिन्छ, नक्कली प्रमाणपत्रधारी सर्वोच्चको कुर्चीमा पुग्छ । यसको नतिजा यस्तै हुन्छ ।

विगतमा जे भए, त्यसको नाफा नोक्सान खोजेर अब पाइँदैन । अबका दिनमा गरेर देखाउन सकियो भने त्यो नै ठूलो उपलब्धि हो । उच्चशिक्षामा पनि अहिले घोकन्ती संस्कृतिले मात्रै प्राथमिकता पाएको छ । मैदानमा उत्रिएर प्राक्टिस गर्ने बाानी परेको छैन । म इन्जिनियर हुँ मैले सुकिला लुगा मात्रै लगाउनुपर्छ भन्ने घमण्डले हुनुपर्ने काम भैरहेको छैन । जापान, चीर र कोरिया जस्ता देशमा गएर हेर्ने हो भने इन्जिनियरले गर्नु पर्ने सबै काम आफैं गरिरहेका हुन्छन । त्यसैले त उनीहरूले उन्नति गरिरहेका छन् ।

जे भए पनि प्राकृतिक भण्डारहरू रित्तिएका छैनन्, नयाँनयाँ प्रविधि विकासको बाटो खुल्दै छ । यिनीहरूको रक्षा गरेर कसरी अगाडि बढ्ने भन्ने कुरा मात्रै हो । किसानले उत्पादन गरेको दूध बजार नपाएर सडकमा पोख्नु भनेको सरकारको लाचारी हो दूध प्रशोधन कारखाना खोलेर किसानलाई हौसला दिनसक्नु पर्छ । गोलभेंडाले बजार नपाएर किसानले बारीमै कुहाएर मल बनाए तर सरकार टमाटोसस विदेशबाट मगाएर वजारको आवश्यकता पूर्ति गरिरहेको छ । यस्ता कुरामा ध्यान नदिएर अन्यत्रै आँखा तर्काउने पुरानो बानीलाई सुधार्न सक्नुपर्छ, होइन भने नेपाली जनाताले गणतन्त्रको आभास नै गर्न पाउँदैनन् ।

राष्ट्रिय आम्दानी बढाउन राष्ट्रिय उत्पादन पनि बढाउनुपर्छ । होइनभने विदेशी सहायताले आत्मनिर्भर हुन सकिँदैन । बाटाघाटा, पुलपुलेसा निर्माणमा जोड दिएर एक ठाउँबाट अर्को ठाउँमा जोड्न सकिएन भने विकासको मार्ग निर्देशन गर्न सकिदैन । जनताका प्रतिनिधिलाई तलव भत्ता खुवाएर मात्र देशले उन्नति गर्न सक्तैन । राजनीतिमा साधैं झुट्टा आश्वासन दिएर मात्रै उन्नति हुँदैन । हरेक कुरामा प्रतिबद्धता चाहिन्छ ।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं

फोन नं. : ०१-५२२५२८१, ५२२५०३४

बिक्की शर्मा गुरागाँई (९८५११९५८८९)

तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)

फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रानपुर

फोन नं. : ०१-५१८०२५६

बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर

बसन्त खड्का - ९८४२८३७७९३

- ९८१७७१९९१७

ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर

फोन नं. ०३५-४२१६४३

पुरुषोत्तम खनाल - ९८५२८३५५९०

- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

हिमाल-तराई यातायात सेवा समिति

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

टाटासुमो बोलेरो

काठमाडौं फोन
१-५१००४९४
९८४११०६९६७
(सञ्जीव भण्डारी)
९८४४४०३१५९
(शम्भु थापा)
*(रिजर्भ चाहिएमा)*

सिन्धुली फोन
०४७-५२११६९
०४७-६९१३३२
९७४४०२२७३५
९८४४२५२३८५
९८१२०७५६९८
९८६०१०२७३७
९८४४०८४०

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५
९८४४०७६२६१, ९८३१२८४३०

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-०७५/०७६) वर्ष ३ अङ्क १०
वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## आलोपालो

# नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कम्युनिष्ट पार्टी होइन


● हस्तबहादुर केसी

नाम कम्युनिष्ट पार्टी राख्दैमा त्यो कम्युनिष्ट हुन्छ भन्न मिल्दैन । कम्युनिष्ट पार्टी हुनका लागि उसले अंगीकार गरेको मार्गदर्शक सिद्धान्त, रणनीति, क्रान्तिकारी कार्यदिशा तथा कार्यक्रम र क्रान्तिकारी व्यवहारले मात्र निर्धारण गर्दछ ।

आज नेपाल कम्युनिष्ट पार्टी (नेकपा) जो डबल कम्युनिष्ट पार्टीको नाम राखेको छ र आफूलाई कम्युनिष्ट पार्टी भएको हल्ला मचाइरहेको छ । कोष्ठ बाहिर र कोष्ठ भित्र पनि कम्युनिष्ट पार्टीको नाम राख्दैमा त्यो कम्युनिष्ट पार्टी भइहाल्नेहोइन। अतः नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कम्युनिष्ट पार्टी नभएर के हो त ? अब हेरौं ।

विश्वसर्वहारा वर्गका महान् नेता लेनिनले एक ठाउँमा भन्नु भएको छ, - "संशोधनवादीहरू अन्ततः दक्षिणपन्थी बाटो हुँदै प्रतिक्रियावादमा पुगेर पतन हुन पुग्छन् ।"

अतः विश्व सर्वहारावर्गका महान् नेता लेनिनले माथि भन्नु भएको कुरा आज आएर नेपालमा सही साबित हुन पुगेका छ । २०२८ साल जेठ २ गते बिस्फोट भएको झापा विद्रोहबाट अगाडि बढेर नेकपा (माले), नेकपा (एमाले) हुँदै दक्षिणपन्थी संशोधनवादमा पतन हुन पुगेको नेकपा (एमाले) र २०५२ साल फाल्गुण १ गतेबाट शुरु भै दश वर्षसम्म सञ्चालन भएर शान्ति प्रक्रियामा प्रदेश गर्दै नेकपा (माओवादी), नेकपा (एमाओवादी), हुँदै नेकपा (माओवादी केन्द्र) बन्न पुगेको नेकपा (माके) नवसंशोधनावादमा पतन भएर नेकपा (एमाले) मा विलय हुन पुग्यो । एमाले र माकेका बीच एक अर्कोमा विलय भैसकेपछि यसले पहिले पार्टीको नाम नेपाल कम्युनिष्ट पार्टी राख्यो । ऋषि कट्टेलको नाममा नेपाल कम्युनिष्ट पार्टी नाम गरेको पार्टी ऋषि कट्टेलको नाममा निर्वाचन आयोगमा पहिले नै दर्ता भइसकेकाले उसले सुरुमा अण्डरलाई नेपाल कम्युनिष्ट पार्टी राख्यो । त्यो नाम गरेको पार्टीलाई पनि निर्वाचन आयोगले दर्ता नगरि दिएपछि ब्राकेट नेपाल कम्युनिष्ट पार्टी अर्थात् नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नाम राखेर निर्वाचन आयोगले दल दर्ता गरिदिएको छ ।

नेकपा (माओवादी) नाम राख्दै आएको नेकपा (माके) र नेकपा (एमाले) नाम राख्दै आएको एमाले नामका पार्टीहरू नेपाली जनताका बीचमा नराम्ररी बदनाम भइसकेकाले दुवै पार्टीहरूको नाम बदलेर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) राख्ने नाटक गरेका छन् । किनभने कोष्ट बाहिर कोष्टभित्र एउटै नाम राखेर पार्टीको नाम जुराउने गाईजात्रा समेत गरिएको छ । त्यति मात्रै कहाँ हो र ब्राकेट नेकपाले दुईदुईवटा पार्टी अध्यक्ष समेत राखेर राप्रपाहरूलाई समेत उछिनेको छ । किनकि राप्रपाहरूले अध्यक्ष र सह अध्यक्षसम्म राख्दै आएका छन् । यसले त दुईदुईवटा अध्यक्ष राखेको छ । यस प्रकारको नेता प्रधान पार्टी कम्युनिष्ट पार्टी हुन सक्तैन ।

कुनै पनि राजनीतिक पार्टीलाई उसले अंगिकार गरेको दर्शन, सिद्धान्त, राजनीति, कार्यदिशा, कार्यक्रम र कार्ययोजनाका आधारमा मात्र उसको मूल्याङ्क गरिन्छ । हामी मार्क्सवादीहरूले विनापूर्वाग्रह जस्ताको तस्तै यस पार्टीको मूल्याङ्क गर्नु पर्ने हुन्छ ।

मार्क्सवादी विश्लेषणका आधारमा, मालेवादी विश्व दृष्टिकोणाको आधारमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई कम्युनिष्ट पार्टी भन्न मिल्दैन । किनभने कम्युनिष्ट पार्टी हुनका लागि उसले मार्क्सवाद-लेनिनवाद-माओवादलाई आफ्नो पथप्रदर्शन गर्ने मार्गदर्शन सिद्धान्तको रूपमा अंगिकार गरेको हुनुपर्दछ । जस्तो कि आज मार्क्सवादले पहिलो चरणमा मार्क्सवादको विकास गरि सकेको छ । साथै मार्क्सवादले मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरणमा लेनिनवादमा विकास गरि सकेको छ । र मार्क्सवाद-लेनिनवादले मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरणमा माओवादमा विकास गरि सकेको छ । अतः आज यसरी मार्क्सवाद-लेनिनवाद-माओवाद क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूको पथप्रदर्शक सिद्धान्त, मार्गदर्शक सिद्धान्त ...बाँकी ७ पेजमा

# क्रान्तिकारी पत्रकार महासंघको राष्ट्रिय भेला भदौ १५ र १६ मा

काठमाडौ । क्रान्तिकारी पत्रकार महासंघले भदौ १५ र १६ गते राष्ट्रिय भेला गर्ने भएको छ । महासंघको हालै बसेको केन्द्रीय कार्यालयको विस्तारित बैठकले उक्त मितिमा विशेष राष्ट्रिय भेलाको आयोजना गरेको महासंघका अध्यक्ष इन्द्र राउतले जानकारी दिए ।

अध्यक्ष राउतका अनुसार भेला काठमाडौंमा आयोजना गरिएको छ । भेलामा ७ वटै प्रदेशका अधिकांश जिल्लाबाट प्रतिनिधि पर्यवेक्षकहरू आउने बताइएको छ । भेलाको तयारीका लागि सम्पन्न कार्यालयको विस्तारित बैठकले विभिन्न उपसमितिहरू समेत निर्माण गरेको छ ।

# बाँकेमा एरिया स्तरमा आन्दोलन संगठित गर्दै क्रान्तिकारी माओवादी

बाँके । नेकपा (क्रान्तिकारी माओवादी) एरियाहरूमा संगठन र संघर्षको योजना निर्माणमा जुटेको छ । प्राप्त समाचार अनुसार जिल्लाका आठवटा एरियामध्ये २, ६ र ८ मा बैठकहरू सम्पन्न भएका छन् । बैठकले पार्टी, देजमो, जबस मोर्चालगायतका संगठनलाई सुदृढ पार्ने, स्थानीय स्तरमा जनताले भोग्नु परेका समस्याहरूलाई संगठित गरी संघर्ष उठान गर्ने, जनविरोधी र ऐनका विरुद्ध सापेक्षिक रूपमा एकल वा संयुक्त रूपमा संघर्ष गर्ने निर्णयहरू भएको जिल्ला सेक्रेटरी अर्जुनले जानकारी दिए ।
















प्रकाशक : रामसिंह बुढाथोकी, प्रबन्ध निर्देशक : बद्री बजगाईं, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिरनन्द महर्जन, फोटोः जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११३४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।